महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७

चौदण्डीगढी नगरपालिका
बेल्टार, उदयपुर

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण निर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७

च.नं : ५६८

मिति: २०७७/३/२८

श्री नगर प्रमुखज्यू,
चैदण्डीगढी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
बेल्टार, उदयपुर।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व वाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन् । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण निर्देशनालय
प्रदेश नं.१ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७

च.नं.४५९

मिति: २०७७।३।२४

श्री नगरप्रमूखज्यू,
चौदण्डीगढी नगरपालिका,
बेल्टार, उदयपुर ।

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले **चौदण्डीगढी नगरपालिका**को आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ७७ लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६३ लाख ७३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६१ लाख ४८ हजार, नियमित गर्नुपर्ने रु.८ लाख ३६ हजार र पेश्की बाँकी रु.४३ लाख ९२ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।१३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २४(चौविस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

चौदण्डीगढी नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अर्न्तगत १० वडा, ५५ सभा सदस्य, २८३.७८ व.कि.मी.क्षेत्रफल, ४८५७४ जनसंख्या रहेको छ । यो नगरपालिका १ नं. प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७५।७६ को स्थानीय सञ्चित कोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

एकिकृत आर्थिक विवरण २०७५।७६

	आयतर्फ		सि.नं.	व्याय	
सि.नं.	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	
	क) नगद			क) सशर्त अनुदान चालु	२१८६४६८८७.४५
	ख) बैंक			ख) कोषवाट निकासा फिर्ता	०.००
	१ नं. गो.भौ.मा श्रेत नखुलेका आम्दानी	७७१४४५२.१४			
	गत आ.व. मौज्दात	४७२६८७०४.१६			
२	**राजस्व (आन्तरिक आय)**			ग) सांसद विकास कोष	०.००
	क) आन्तरिक राजस्व	८९२१५५०.००		घ) वित्तीय समानिकरण चालु	१५२९१०९५४.१०
	ख) राजस्व बाँडफाँड	२५८३४३३६.००	२	**पूँजीगत खर्च**	
	ग) अन्य आय	६८५१९९३.८०		क) सशर्त अनुदान पूजीगत	१८७२३३११.००
	घ) ०७५।०७७को श्रोत नखुलेका आय	५५६०७२१.१०			
३	**वित्तीय हस्तान्तरण**			ख) वित्तीय समानिकरण	१७८६००७३९.००
	क)वित्तीय समानीकरण अनुदान	१४०२००००००.००			
	ख) सशर्त अनुदान	२३३०४५३३१.००	३	**सशर्त अनुदान कोलेनिका फिर्ता**	६३९१९४७.५५
	ग) समपूरक अनुदान	०.००	४	**निकासा फिर्ता कोलेनिका**	६६११२००.००
	घ) विशेष अनुदान	०.००	५	**बहुक्षेत्रिय पोषण SDC तर्फको फिर्ता**	०.००
	ङ) राजस्व बाँडफाँड	८५४८५८७५.४४	६	**प्रदेशको सशर्त अनुदान खर्च**	१५०००००००.००
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		७	**प्रदेश निर्वाचन क्षेत्रको खर्च**	९७१००००.००
	क)वित्तीय समानीकरण अनुदान	३९६७०००.००	८	**प्रधानमन्त्री रोजगारको फिर्ता**	०.००
	ख) सशर्त अनुदान	१५०००००००.००	९	**वित्तीय व्यवस्था भुक्तानी**	०.००
	ग) समपूरक अनुदान	९८००००००.००		क) ऋण भुक्तानी	०.००
	ङ) राजस्व बाँडफाँड			ख) व्याज भुक्तानी	०.००

	घ) सवारी साधन कर	५८८४०५४.७०		ग) अन्य भुक्तानी	०.००
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		१०	**लगानी**	
६	**वित्तीय व्यवस्था प्राप्ति**			ऋण लगानी	०.००
	क) ऋण प्राप्ति	०.००		शेयर लगानी	०.००
	ख) साँवा प्राप्ति	०.००		अन्य लगानी	०.००
	ग) ब्याज प्राप्ति	०.००	११	**धरौटी फिर्ता**	६६२०७८२.००
				धराटी बाँकी	५९८८४१८.००
	घ) अन्य प्राप्ति	०.००	१२	**कोष खर्च**	
७	**विभिन्न कोषतर्फको आय**		१३	**वैदेशिक श्रोत हेल्भटास**	
८	**जनसहभागिता (नगद)**		१४	**मौज्दात**	
९	**विषयगत निकायबाट प्राप्त रकम**			क) नगद मौज्दात	
१०	**धरौंटी आय**			ख) बैंक मौज्दात	७०११७८२.२४
	गत वर्षको मौज्दात	८०६८८१.००			
	नगरपालिकामा सुत्र बाटकट्टा गरेको	२८७१९३०.००			
	विभिन्न फमहरुले जम्मा गरेको	८९३०३८९.००			
११	**लगानीको साँवा फिर्ता**				
१२	**अन्य विविध आय**				
१३	**सामाजिक सुरक्षा भत्ता**	८४३७२०००.००	१५	सामाजिक सुरक्षा भत्ता	७७७६०८००.००
१४	**बहुक्षेत्रिय पोषण कार्यक्रम**	१५५२९०५.००	१६	बहुक्षेत्रिय पोषण कार्यक्रम	१५५२९०५.००
१५	**प्रधानमन्त्री रोजगार कार्यक्रम**	३७१९४४८.००	१७	प्रधानमन्त्री रोजगार कार्यक्रम	३७१९४४८.००
१६	**सांसद विकास कोष**	१०९०५८८५.००	१८	सांसद विकास कोष	१०९०५८८५.००
१७	**प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम**	३०४८७५.००	१९	प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	३०४८७५.००
१८	गरिवसँग विशेश्वर	३९४०००.००	२०	गरिवसँग विशेश्वर	३९४०००.००
१९	राष्ट्रपति चुरे त,म,सं,विकास	७९६२३६०.००	२१	राष्ट्रपति चुरे त,म,सं,विकास	७९६२३६०.००
२०	**बैदेशिक श्रोत हेल्भटास**	४४६१६०३.००			
२१	**साना सिचाई**	७०००००.००			
२२	**कर्मचारी कल्याणकोष**	५०५६७१.२१	२२	**कर्मचारी कल्याणकोष मौज्दात**	५०५६७१.२१
	जम्मा	७२९३२१९६५.५५		**जम्मा**	७२९३२१९६५.५५

लेखापरीक्षणको अन्तिम प्रतिवेदन

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
१.	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयमा ल्याएको पाइएन । कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्वन्धमा परिक्षण गर्दा निम्न व्यवस्थाहरुको पालना गरेको देखिएन । आन्तरिक नियन्त्रण व्यवस्थाहरुको पालना नगर्दा कार्यालयबाट संचालन गर्ने क्रियाकलापहरु मितव्ययी, प्रभावकारी, पारदर्शी नहुने र कार्यालयबाट प्रवाह गरिने सेवामा समेत असर पर्ने भएकाले प्रचलित ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरि आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ । ● आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) बमोजिम खर्च भएको सबै रसिद बील भरपाईहरुमा सिलसिलेबार नम्बर राखी भुक्तानी भएको जनाउने छाप लगाई प्रमाणीत गर्ने नगरेको, ● जटिल प्रकृतीका निर्माण कार्य उपभोक्ता समितिबाट गराएको, ● सार्वजनिक खरिद ऐन, नियमावलीको खरिद पद्धतिका सिमाहरु छल्ने उद्देश्यले उपभोक्ता समितिमार्फत मालसामान खरिद गर्ने गरेको, ● कोषहरुको कार्यविधि, कानून पूर्णरुपमा नबनाएको, ● सम्पन्न आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने नगरेको, ● कर्मचारीहरुलाई एक पटक दिएको पेश्की फर्छ्यौट नगरी पुनः पटक पटक पेश्की माथी पेश्की दिने गरेको, ● नगरपालिका तथा वडाहरुकोलागि आवश्यक विभिन्न स्टेशनरी लगायत कार्यालय सामानहरु प्रतिस्पर्धा गराई सिलवन्दी प्रकृयाबाट खरिद गर्नु पर्नेमा नगरी पटक पटक सिधै खरिद गर्ने गरेको, ● कार्यालयले मोटरसाइकल, ल्यापटप, डेक्सटप लगायतका जिन्सी सामानहरु सहायक खाता मार्फत सम्बन्धित कर्मचारीलाई बुझाई जिम्मा जमानी गराई अभिलेख राख्नु पर्नेमा सो गर्ने नगरेको, ● ईन्धन खर्चको लगबुक राख्ने नगरेको एवं खर्चमा मितव्ययीता समेत नदेखिएको, ● गोश्वारा भौचर साथ खर्चको तेरिज तयार गरी राख्नुपर्नेमा नगरेको, ● चालु प्रकृतिका कारोबार समेत पुजिंगत शिर्षकवाट गर्ने गरेको, ● पारित बजेट भन्दा घटबढ हुने गरी खर्च गरी पछि अनुमोदन गर्ने गरेको, ● नगरपालिका अन्तर्गतका वडाहरुले खरिद गरेका जिन्सी सामानहरु न.पा.को जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा वडाको जिन्सी खातामा आम्दानी गर्ने गरेको, ● कर्मचारी संगठन तथा व्यवस्थापन संरचना स्वीकृत नगरी करारमा कर्मचारी भर्ना गर्ने गरेको, ● कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको, ● विद्युत महशुल यथा समयमै नबुझाई थप दस्तुर समेत खर्च लेख्ने गरेको, ● नगर प्रमुख, उप प्रमुख एवं वडा अध्यक्षलाई ऐनमा तोकिएको सञ्चार सुविधाको अतिरिक्त थप संचार (मोबाईल रिचार्ज) खर्च समेत लेख्ने गरेको, ● कन्टिन्जेन्सी खर्चको योजनागत व्यवस्थापन गर्ने नगरेको, ● सवारी साधन मर्मत गर्दा प्राविधिकको सिफारिसको आधारमा मर्मत आदेश लिई मर्मत	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	गराउनुपर्नेमा सवारी चालकलाई सिधै कार्यादेश वा पेश्की दिएर मर्मत गराउने गरेको, ● पशु विकास कार्यक्रम अन्तर्गत बोका बाख्रा खरिद गर्दा तौल, गुणस्तर, स्वास्थ्य परीक्षण प्रतिवेदन, लाभान्वित समुदायको छनौट आदि खुलाउने नगरेको, ● विद्यालयको भौतिक निर्माणको कार्यसम्पन्न प्रतिवेदनमा विद्यालय व्यवस्थापन समिति, इन्जिनियर र कार्यालय प्रमुखवाट हस्ताक्षर हुनुपर्नेमा अधिकांश सम्पन्न प्रतिवेदनमा सबैको हस्ताक्षर हुने नगरेको, ● भ्रमण अभिलेख खाता नराखेको, ● भ्रमणबाट फर्किएपछि भ्रमणमा भए गरेका मुख्य मुख्य व्यहोरा खुलाई भ्रमण प्रतिवेदन दिने नगरेको, ● भ्रमण आदेश स्वीकृत गर्दा भ्रमणमा गर्नुपर्ने काम स्पष्ट किटान नगरी कार्यालय सम्बन्धि काम उल्लेख गर्ने गरेको, ● फिल्डमा खटिई काम गर्नुपर्ने ईन्जिनियर, ओभरसियर, विद्यालय निरीक्षक जस्ता कर्मचारीहरुलाई फिल्डमा खटिएको अवधिको फिल्ड भत्ता दिनुपर्नेमा दैनिक तथा भ्रमण भत्ता दिने गरेको, ● जिन्सी निरीक्षण नभएको, ● धरौटीको आम्दानी, खर्च र बाँकी देखिने स्पष्ट अभिलेख नराखेको र ● धरौटी फिर्ता मु.अ.कर समायोजन पत्र लिने नगरेको,	
२.	**लक्ष्य र प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको निर्णय पुस्तिकामा समय समयमा प्रगति समिक्षा सम्वन्धी कार्यसूची राखेको भए तापनि सशर्त, निःशर्त तथा आन्तरिक श्रोतबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदनलाई स्वीकृत ढाँचामा र तुलनायोग्य हुने गरी अभिलेखिकरण नगरेकोले नगरपालिकाले गरेको खर्चको विश्लेषण गर्न सकिएन । प्रगति प्रतिवेदन तयार गरी समीक्षा गर्दा योजना तथा कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता आउने भएकोले नगरपालिकाले यसतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रमुख प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । वडा कार्यालयहरुमा जनशक्ति तथा भौतिक पूर्वाधारहरुको व्यवस्था भै नसकेको कारण वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्न सकेको देखिएन । अन्तरनिकाय समन्वय गरी कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४.	**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२)मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेकोमा यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन ।	
५.	**स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
६.	**कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित	

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । त्यसैगरी ऐनमा स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम समेत जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आवश्यक रकमको व्यवस्था गरी अवकास कोषलाई मजबुद गरेको देखिएन । नगरपालिकाको दीर्घकालिन आर्थिक दायित्व न्यूनिकरण गर्न योगदानमा आधारित अवकास सुविधा सम्वन्धी नियम तर्जुमा गरी अवकास कोष मजबुत गर्न आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>७.</td><td>अवण्डा : आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६(१) मा कार्यालयले स्वीकृत बजेट खर्च गर्दा निर्धारित कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । सो विपरित नगरपालिकाले कार्यक्रम खर्चमा रु.३७५००००।-, विपद व्यवस्थापन, मर्मत सम्भार र भैपरी खर्च तथा अन्य कार्यक्रममा रु.७३००००००।- समेत रु.११०५००००।- अवण्डा राखी नगर कार्यपालिकाको पटक पटकको निर्णयको आधारमा खर्च गरेको छ । नगर सभावाट कार्यक्रम स्वीकृती नगराई खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>वित्तीय समानिकरण पुंजिगततर्फः</td><td></td></tr>
<tr><td>८.</td><td>आनुपातिक कट्टी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिले गर्नुपर्ने योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग विल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायवाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न उपभोक्ताहरुसंग भएको कार्यमा लागत अनुमान अनुसार गर्नुपर्ने योगदान भन्दा घटी योगदान गरेको अवस्थामा पनि कार्यालयले दिने अनुदानमा आनुपातिक कट्टी नगरी बढी खर्च लेखेकोले यसरी बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं.र मिति</th><th>कार्यक्रम/योजना</th><th>बजेट</th><th>श्रमदान समेत लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>भुक्तानी खर्च रकम</th><th>बढी खर्च</th></tr>
<tr><td>२९४-२०७६/१/१६
५१३-२०७६/३/२५</td><td>२ नं.वडा सहरी स्वास्थ्य केन्द्र</td><td>१५००००००</td><td>१६३५६११</td><td>१५८६३९०</td><td>१४४८६९५</td><td>३७४८१</td></tr>
<tr><td>१-२०७६/३/६(प्रदेश निर्वाचन)</td><td>पुष्पलाल स्मृति बहुद्देश्यीय भवन</td><td>२५००००००</td><td>२८५५३४९</td><td>२७०५३४९</td><td>२४१००००</td><td>४१३३२</td></tr>
<tr><td>८६९-२०७६/३/२७(चालु)</td><td>सिंहदेवी मा.वि.को छाना मर्मत</td><td>७००००</td><td>८५२५४</td><td>७५५७८</td><td>८००००</td><td>१७८७२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>९६६८५</td></tr>
</table></td><td>९६६८५/-</td></tr>
<tr><td>९.</td><td>खर्चको प्रमाण : बेल्टार देखि बंसिला गाड सडक स्तरोन्नतीका निर्माण व्यवसायी हंस कन्स्ट्रक्सन सप्तरीले विमा आइटमलाई प्रोभिजनल सममा रु.५३१५९।- कवोल गरी ठेक्का सम्झौता गरेकोमा रु.२०८४२।- मात्रको विल पेश गरी पुरै रकम भुक्तानी लिएकोले नपुग विल रु.३२३१७।- को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...</td><td>३२३१७/-</td></tr>
<tr><td>१०.</td><td>कर कट्टी : आयकर ऐन, २०५८ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिवाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कारोबारको विवरण</th><th>भुक्तानी रकम</th><th>१.५ प्रतिशत</th><th>कैफियत</th></tr>
<tr><td>५१९-२०७६/३/१५</td><td>लाल ट्रेडिङ्ग कम्प्लेक्स काठमाडौंको डेरी उपकरण खरिद विल संलग्न गरी जनोत्थान पशु तथा सहकारी संस्थालाई भुक्तानी</td><td>१३८७०००</td><td>९५१०</td><td>रु.११२९५।- कट्टि भएको</td></tr>
<tr><td>५६०-२०७६/३/३१</td><td>गेलाल सप्लायर्स उदयपुरको खानेपानी सामान खरिदको विल पेश गरी धर्मराज खड्काको पेश्की फछ्र्यौट</td><td>३०९७३४</td><td>४६४६</td><td>-</td></tr>
<tr><td>२७-२०७५/७/१६</td><td>आलु उन्नत विउ खरिद</td><td>४५००००</td><td>६७५०</td><td>-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२०९०६</td><td></td></tr>
</table></td><td>२०९०६/-</td></tr>
<tr><td>११.</td><td>पुल निर्माण : कार्यालयले संघीय सांसदको रु.३०००००००।- र नगरपालिकाको रु.५००००००।- समेत रु.३५००००००।- मा श्रमदान समेत रु.३७८४००९।- को लागत अनुमान तयार गरी वेल्टार साउने धाप्लाङ सडकको खानेपानी खोलामा पक्की पुल निर्माण गर्न उपभोक्ता समिति गठन गरी रु.३२४९१४७।- को कार्यसम्पन्न मूल्यांकनको आधारमा रु.२९१००००।- खर्च लेखेको देखियो । दक्ष प्राविधिक जनशक्ति</td><td></td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	आवश्यक पर्ने योजना उपभोक्ता समिति मार्फत गराउँदा कार्य गुणस्तरियतामा कमी हुने हुँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
१२.	**सवारी साधन खरिद :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को दफा ५.१५ मा नेपाल सरकारवाट उपलब्ध गराइएको बजेट तथा श्रोत साधनवाट कार्यालयको नियमित प्रयोजनका लागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष सक्सन मेसिन १ को रु.३९५००००।-, महिन्द्रा स्करपियो १ को रु.५५७५०००।- र पल्सर मोटरसाइकल ४ को रु.१०१०६००।- समेत रु.१०५३५६००।- खर्च गरेको छ । नगरपालिकाको आफ्नो आन्तरिक आय न्यून भएको आवस्थामा वित्तीय समानिकरण अनुदानवाट सवारी साधन खरिद गरेकोले नियम सम्मत देखिएन । यस्ता प्रकृतिका खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।	
१३.	**खरिदमा प्रतिस्पर्धा :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरीद गर्न नमिल्ने साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार प्रतिस्पर्धात्मक तवरबाट खरिद कार्य गर्न सकिनेमा नमुना छनौट गर्दा कार्यालयले देहाय अनुसार सोझै खरिद विधिबाट मालसामान खरिद गरेको पाइएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।	

ब.उ.शि.नं.	गो.भौ.न./मिति	विवरण	फर्मको नाम	रकम (मु.अ.कर समेत)
पुंजिगत अनुदान	८७-२०७५/१०/४	१० थान लेनोभो ल्यापटप	जय श्री ट्रेड कर्न्सन ललितपुर	४९८३३०
	७६-२०७५/९/३०	ल्यापटप पेनड्राइभ	ग्लोबल सिटि ट्रेड लिंक	४९२६८०
	२५५-२०७६/१/६	७ नं. वडामा ३०० थान डष्टविन खरिद	श्रद्धा सप्लायर्स मोरङ्ग	४५१७७१
	१०१-२०७५/१०/२२	तारजाली खरिद	गेलाल सप्लायर्स उदयपुर	४८१८४५
	५३९/ ५४०-२०७६/३/२६	तयारी तारजाली खरिद	देविका ट्रेड एण्ड सप्लायर्स	५८१९७७
वित्तिय समानिकरण चालु	४५-२०७५/७/२९ ३२-२०७५/७/२०	४ थान मोटर साइकल	कालिका अटो लिंक प्रा.लि	१०१०६००
	३३-२०७५/६/२२	छपाई खर्च	बागमती अफसेट प्रेस प्रा.लि.	४९७२००
	४२-२०७५/६/२३		लक्ष्मी छापाखाना	१०००००१४
	१०२-२०७५/७/१९			१११४०५१
	२४६-२०७५/१०/२४			६९९०४८
	७२६-२०७६/३/१३			४९८८९५
	४०२-२०७५/१२/१३			५९७१८२
	२६७-२०७५/१०/२७	स्वास्थ्य उपकरण	प्रशान्त सर्जिकल ट्रेड कन्सर्न	४९१७१५
	६०३-२०७६/२/१७	तार जाली खरिद	त्रिशक्ति हार्डवेयर, बेलटार	४४५८९४
	७७२-२०७६/३/१९	जस्तापाता खरिद	ओम शान्ति ट्रेडर्स	४९९००८
	जम्मा			**९३६०२१०**

१४.	**सूचना प्रकाशनः** पत्रपत्रिकामा कार्यालयको विविध किसिमको सूचना प्रकाशन बापतको रकम भुक्तानी गर्दा सूचना प्रकाशनको बील अंकमा कम्तिमा १५ देखि २५ प्रतिशत छुट गरि बिलिङ्ग गर्ने प्रणाली गोरखापत्र लगायत सबै मिडियाहरुले गर्ने गरेका छन् । यस कार्यालयले देहायको मिडिया मार्फत सूचना प्रकाशन गर्दा बील अंकमा छुट गरेको नदेखिँदा कार्यालयलाई रु.२८८८१५।- थप व्ययभार पर्न गएको छ ।	

ब.उ.शि.नं.	गो.भौ/मिति	मिडियाको नाम	बील अंक (मू.अ.कर बाहेक)	छुट गर्नुपर्ने रकम
वित्तिय समानिकरण पुंजिगत	६३-२०७५/९/२४	त्रियुगा मिडिया एजेन्सी प्रा.लि.	६२२००	९३३०
	७८-२०७५/९/३०	,,	२१००००	३१५००
	१८४-२०७५/१२/११	रोजगार विनिमय सेवा	३१९७३२	४७९६०
	१९४-२०७५/१२/२२	एडक्यू मेडिया प्रा.लि.	५०४००	७५६०

दफा नं.	भौ.नं., मिति र व्यहोरा					बेरुजु रकम
		२३५-२०७५/१२/१९	चौदण्डि गढी मिडिया प्रा.लि.	९५२००	१४२८०	
		३०८-२०७६/१/२०	,,	५०४००	७५६०	
	वित्तिय समानिकरण चालु	३-२०७५/६/९	त्रियुगा मिडिया एजेन्सि प्रा.लि.	५७०००	१४२५०	
		९४-२०७५/७/१८		१२००००	३००००	
		२७४-२०७५/१०/२८		६१६००	१५४००	
		३-२०७५/६/९	चौदण्डीगढी साप्ताहिक	३७५००	९३७५	
		९०-२०७५/७/१६	क्रिएशन मिडिया नेटवर्क प्रा.लि.	९२४००	२३१००	
		१३८-२०७५/९/९	एड क्रिउ मेडिया प्रा.लि.	६७२००	१६८००	
		५५९-२०७६/२/१		४३२००	१०८००	
		१४१-२०७५/९/१०	क्रिएशन मिडिया प्रा.लि.	१४४०००	२८८००	
		२२९-२०७५/१०/१८	पाथिभरा एडर्भटाईजिङ्ग प्रा.लि.	५२०००	१३०००	
		३१७-२०७५/११/१२	चौदण्डीगढी मेडिया प्रा.लि.	३६४००	९१००	
					२८८८१५	

वित्तिय समानिकरण चालुतर्फः

१५. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.१ ले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार चौदण्डीगढी नगरपालिकाले देहाय बमोजिम रु.७५५३०००।- सुविधावापत भुक्तानी भएको छ ।

सि.नं.	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख	वडा अध्यक्ष १० जना			कार्यपालिका सदस्य ८ जना			सभाका सदस्य ३३ जना			जम्मा
				दर	जना	जम्मा	दर	जना	जम्मा	दर	जना	जम्मा	
१	मासिक सुविधा	३५०००	३००००	२५०००	१०	२५००००	१००००	८	८००००	६०००	३३	१९८०००	५९३०००
२	सञ्चार सुबिधा (मासिक दरमा)					०।००			०।००			०।००	
३	बैठक भत्ता (बैठक संख्याको आधारमा)					०।००			०।००			०।००	
४	खाजा भत्ता (मासिक)					०।००			०।००			०।००	
५	पुस्तक पत्रपत्रिका (मासिक)					०।००			०।००			०।००	
६	अनुगमन भत्ता (मासिक)					०।००			०।००			०।००	
७	खानेपानी, बिजुली महसुल (मासिक)					०।००			०।००			०।००	
८	सरसफाई, मर्मत (मासिक)					०।००			०।००			०।००	
९	अतिथि सत्कार (मासिक)					०।००			०।००			०।००	
१०	यातायात खर्च (मासिक)					०।००			०।००			०।००	
११	दशै खर्च	१००००	१००००	१००००	१०	१०००००	१००००	८	८००००	१००००	३३	३३००००	५३००००
१२	पोषाक भत्ता	९४३३।९७	९४३३।९७	९४३३।९७	१०	९४३३९।७०	९४३३।९६	८	७५४७।।६८	९४३३।९६	३३	३११३२०।६८	५०००००
	जम्मा	५४४३३।९७	४९४३३।९७	४४४३३।९७		४४४३३९।७०	२९४३३।९६		२३५४७।।६८	२५४३३।९६		८३९३२०।६८	१६२३०००

१६. **विविध खर्च :** यस वर्ष नगरपालिकाले नगरपालिका कार्यालयको चिया, नास्ता, खाजा, खाना आदिमा रु.८,९१,०७२/- खर्च गरेको छ । उक्त खर्च भित्र अन्तर्गतका १० वडा कार्यालय र नगरसभामा भएको चिया, नास्ता, खाजा तथा खाना खर्च समावेश छैन । यस प्रकारका खर्चमा नियन्त्रण गरी मितव्ययीता अपनाउन नगरपालिकाले ध्यान पुऱ्याउनु पर्दछ ।

१७. **बैठक संख्या :** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ४(२) मा व्यवस्था भए अनुसार विषयगत समितिको बैठकको बैठक भत्ता भुक्तानी गर्दा महिनामा बढीमा १ बैठकको मात्र भत्ता भुक्तानी दिनुपर्दछ । कार्यालयले देहाय अनुसार ऐनमा तोकिएभन्दा बढी संख्याको बैठक भत्ता भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु... ६६८१०/-

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

भौ.नं. र मिति	दर्जा, नाम थर	बैठक अवधि	दिनुपर्ने बैठक संख्या	दिएको बैठक संख्या	बढी बैठक संख्या	भत्ता दर	बढी रकम(कट्टी कर घटाई)	कैफियत
२६६-२०७५/१०/२७	उप प्रमुख श्री रिता कुमारी चौधरी	२०७५ श्रावण देखी माघ सम्म (वातावरण तथा फोहर व्यवस्थापन समिति)	७	१३	६	१२००	१४९६०	प्रति बैठक रु.२ हजारले १३ बैठकको भुक्तानी भएको
	संयोजक श्री तेजराज तिम्सिना		७	१३	६	१०००	१६१५०	
	सदस्य श्री गोपीमाया राई		७	१३	६	१०००	५१००	
	सदस्य श्री उमा परियार		७	१३	६	१०००	५१००	
	आमन्त्रित श्री मणि कुमार कटुवाल		७	१३	६	१०००	५१००	
	सदस्य श्री हरिमान कटुवाल		७	१३	६	१०००	५१००	
	सदस्य सचिव श्री गुमानसिं खड्का		७	१३	६	१०००	५१००	
	क.सहयोगी श्री दिपक पासवान		७	१३	६	१०००	५१००	
	का.स.श्री रमा खड्का		७	१३	६	१०००	५१००	
						जम्मा	६६८१०	

१८. **वडा समितिको बैठक भत्ता :** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५को दफा ३(२) मा वडा समितिका पदाधिकारीहरुलाई प्रति महिना २ बैठकको मात्र बैठक भत्ता भुक्तानी दिन मिल्ने व्यवस्था छ । निजहरुलाई सोहि दफाको अनुसुची १(ख)मा तोकिएको दरमा भत्ता भुक्तानी दिनुपर्नेमा तोकिए भन्दा बढी दरले दिएकोले बढी दिएको रकम निम्नानुसार असुल गर्नुपर्ने रु... — २५५००/-

भौ.नं. र मिति	दर्जा, नाम थर	वडा नं.	बैठक संख्या	दिनुपर्ने दर	दिएको दर	बढी दर	बढी रकम(कट्टी कर घटाई)
४७२-२०७६/१/१० ९१४-२०७६/३/२९	वडा सदस्य श्री विमला राई	८	१२	१०००	१५००	५००	५१००
	वडा सदस्य श्री यशोदा नेपाली		१२	१०००	१५००	५००	५१००
	वडा सदस्य श्री गरुड बहादुर बि.क.		१२	१०००	१५००	५००	५१००
	वडा सदस्य श्री बासुदेव राई		१२	१०००	१५००	५००	५१००
	वडा सचिव श्री राजन प्रसाद अधिकारी		१२	१०००	१५००	५००	५१००
						जम्मा	२५५००

१९. **योजना छनौट एवं उ.स. गठन बैठक :** गाउँ तथा नगरसभाका सदस्यले पाउँने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ मा वडा समितिका पदाधिकारीले वडा समितिको बैठक बाहेक अन्य बैठकको बैठक भत्ता पाउने व्यवस्था छैन । निम्न पदाधिकारीहरुलाई वडाका योजना छनौट एवं उ.स. गठन सम्बन्धि बैठकको बैठक भत्ता तथा यातायात खर्च भुक्तानी दिएको देखियो । ऐनमा व्यवस्था नभएको उक्त सुविधा दिन मिल्ने नदेखिंदा असुल गर्नुपर्ने रु... — ६८०००/-

भौ.नं. र मिति	पदाधिकारीको दर्जा नाम थर	बैठक संख्या	भत्ता दर	भुक्तानी रकम कट्टी कर घटाई
८३०-२०७६/३/२४	वडा अध्यक्ष श्री चरण कुमार राई	३	१०००	२५५०
	वडा सदस्य श्री डम्बर बहादुर मगर	३	१०००	२५५०
	वडा सदस्य श्री चतुर नारायण चौधरी	३	१०००	२५५०
	वडा सदस्य श्री गंगा दहाल	३	१०००	२५५०
	वडा सदस्य श्री स्मृति सुयल	३	१०००	२५५०
	वडा सचिव श्री हिरा कुमार सापकोटा	३	१०००	२५५०
	प्रा.स. श्री गुना देवी राई	३	१०००	२५५०
	सा.प.श्री सम्झना राई	३	१०००	२५५०
	खरिदार श्री निर्मला मग्राती	३	१०००	२५५०
	का.स.श्री बिबिहिरा राई	३	१०००	२५५०
९४८-२०७६/३/३०	वडा अध्यक्ष श्री राम कुमार खड्का	७	१०००	५९५०
	सदस्य श्री डिल्ली बहादुर खत्री	५	१०००	४२५०
	सदस्य श्री विष्णु कुमारी राई	५	१०००	४२५०
	सदस्य श्री नन्दीलाल चौधरी	५	१०००	४२५०

दफा नं.	भौ.नं., मिति र व्यहोरा					बेरुजु रकम
		सदस्य श्री रेखा परियार	५	१०००	४२५०	
		सदस्य श्री धर्मराज खड्का	५	१०००	४२५०	
		सदस्य सचिव श्री पुष्पराज सापकोटा	८	१०००	६८००	
		कर्मचारी श्री नविना राउत	५	१०००	४२५०	
		कर्मचारी श्री गणेश प्रसाद पौडेल	५	१०००	४२५०	
				जम्मा	६८०००	
२०.	**पदाधिकारी अनुगमन एवं भ्रमण खर्चः** गाउँ तथा नगरसभाका सदस्यले पाउँने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ मा नगरपालिकाका प्रमुख, उप प्रमुख, वडाअध्यक्ष तथा वडा सदस्यहरुलाई अनुगमन भत्ता बापत मासिक क्रमशः रु. ७,५००।-, ६०००।-, २०००।- र १५००।- का दरले भुक्तानी दिने व्यवस्था छ । सो अनुसार पाउने सुविधा मासिक रुपमा लिसकेपछि पनि पदाधिकारीलाई देहायनुसार न.पा. भित्र एवं वडा भित्रका विभिन्न योजनाहरुको अनुगमन गरेबापत अनुगमन भत्ता भुक्तानी दिएको देखियो । यसरी दुवै भत्ता सुविधा दिन मिल्ने नदेखिएकोले यसमा नियन्त्रण हुनु पर्दछ ।					
	भौ.नं. र मिति	**पदाधिकारीको दर्जा नाम थर**	**अनुगमन स्थान**		**अनुगमन भत्ता खर्च कट्टीकर घटाई**	
	२२३-२०७५/१०/१८ ४७३-२०७६/१/११ ९१४-२०७६/३/२९	वडा नं. ८ अध्यक्ष श्री श्याम कुमार मगर	वडामा संचालित विभिन्न योजना तथा कार्यक्रमहरु		२४६५०	
		वडा नं. ८ सदस्य श्री बिमला राई			२४६५०	
		वडा नं. ८ सदस्य श्री यशोदा नेपाली			२४६५०	
		वडा नं. ८ सदस्य श्री गरुड ब. बि.क.			२४६५०	
		वडा नं. ८ सदस्य श्री बासुदेव राई			२४६५०	
	७४६-२०७६/३/१६ ४५९-२०७६/१/९	वडा नं. ७ अध्यक्ष श्री तेजराज तिम्सिना			२८९००	
		वडा नं. ७ सदस्य श्री गोपीमाया राई			२४६५०	
		वडा नं. ७ सदस्य श्री मणिकुमार कटवाल			२४६५०	
		वडा नं. ७ सदस्य श्री हरिमान कटवाल			२४६५०	
		वडा नं. ७ सदस्य श्री उमा परियार			१७०००	
	६६६-२०७६/२/२९	वडा नं. १ संयोजक श्री रोहितमान तामाङ्ग			११९००	
		वडा नं. १ सदस्य श्री मणि कोईराला			११९००	
		वडा नं. १ सदस्य श्री मान बहादुर तामाङ्ग			११९००	
		वडा नं. १ सदस्य श्री अस्मिता नेपाली			११९००	
		वडा नं. १ सदस्य श्री जङ्ग बहादुर भुजेल			११९००	
	५२६-२०७६/१/२४	वडा नं. ६ श्री कमलध्वज राई			५९५०	
		वडा नं. ६ श्री उद्धव भुजेल			५९५०	
		वडा नं. ६ श्री श्याम कुमार बस्नेत			५९५०	
		वडा नं. ६ श्री मिठुमाया बि.क.			५९५०	
	८१७-२०७६/३/२३	वडा नं. २ अध्यक्ष श्री सन्तोष सुवेदी			३४०००	
		वडा नं. २ सदस्य श्री धन बहादुर बस्नेत			३४०००	
		वडा नं. २ सदस्य श्री प्रल्हाद कटुवाल			३४०००	
		वडा नं. २ सदस्य श्री टिका कुमारी बि.क.			३४०००	
	९०३-२०७६/३/२९	वडा नं. ३ अध्यक्ष श्री पर्शुराम राई			८५००	
		वडा नं. ३ सदस्य श्री धन कुमार तामाङ्ग			६८००	
		वडा नं. ३ सदस्य श्री भक्त बहादुर तामाङ्ग			६८००	
		वडा नं. ३ सदस्य श्री शर्मिला राई			६८००	
		वडा नं. ३ सदस्य श्री मसिनी बि.क.			६८००	
				जम्मा	४९८१००	
२१.	**पदाधिकारी सेवा सुविधा :** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा पदाधिकारीहरुले मासिक पाउने सेवा सुविधाहरु तोकिएको छ । न.पा.ले उक्त ऐनमा तोकिएको सुविधा रकम अवैज्ञानिक भएकोले जनप्रतिनिधिहरुको कार्य व्यस्ततालाई मध्यनजर गरी न.पा.को प्रथम नगर सभाले निर्धारण गरे अनुसार ऐनमा तोकिएको सुविधा रकम भन्दा बढी हुनेगरी नगर कार्यपालिकाको २०७५।६।२६ को निर्णयनानुसार सुविधा भुक्तानी दिएको देखियो । यसरी ऐनमा तोकिएभन्दा बढी भुक्तानी लिन दिन नमिल्ने हुँदा बढी भुक्तानी दिएको रकम निम्नानुसार असुल गर्नुपर्ने देखिएको रु...					२४५९१६०/-

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

क्र.सं.	दर्जा नाम थर	ऐन अनुसारको सुविधा	भुक्तानी दिएको सुविधा	मासिक बढी	वार्षिक बढी कर कट्टी घटाई	कैफियत
१.	नगर प्रमुख श्री खगेन्द्र राई	२३०००	३५०००	१२०००	१४२५६०	सवारी साधन उपलब्ध भएको
२.	नगर उप प्रमुख श्री रिताकुमारी चौधरी	२६००० (५ महिना) २००००(७ महिना)	३००००	४००० (५ महिना) १००००(७ महिना)	८९१००	पौषबाट सवारी साधन उपलब्ध भएको
३.	वडा नं १ अध्यक्ष श्री रोहितमान तामाङ्ग	१४०००	२५०००	११०००	१३०६८०	
४.	वडा नं २ अध्यक्ष श्री सन्तोष सुवेदी	१४०००	२५०००	११०००	१३०६८०	
५.	वडा नं ३ अध्यक्ष श्री पर्शुराम राई	१४०००	२५०००	११०००	१३०६८०	
६.	वडा नं ४ अध्यक्ष श्री चरण कुमार राई	१४०००	२५०००	११०००	१३०६८०	
७.	वडा नं ५ अध्यक्ष श्री देवनारायण चौधरी	१४०००	२५०००	११०००	१३०६८०	
८.	वडा नं ६ अध्यक्ष श्री कमलध्वज राई	१४०००	२५०००	११०००	१३०६८०	
९.	वडा नं ७ अध्यक्ष श्री तेजराज तिमिल्सिना	१४०००	२५०००	११०००	१३०६८०	
१०.	वडा नं ८ अध्यक्ष श्री श्यामकुमार मगर	१४०००	२५०००	११०००	१३०६८०	
११.	वडा नं ९ अध्यक्ष श्री प्रकाश राउत	१४०००	२५०००	११०००	१३०६८०	
१२.	वडा नं १० अध्यक्ष श्री रामकुमार खड्का	१४०००	२५०००	११०००	१३०६८०	
१३.	नगर का.पा. सदस्य श्री अस्मिता सार्की	६५००	१००००	३५००	४१५८०	
१४.	नगर का.पा. सदस्य श्री मदन कुमारी कार्की	६५००	१००००	३५००	४१५८०	
१५.	नगर का.पा. सदस्य श्री देवीकुमारी कार्की	६५००	१००००	३५००	४१५८०	
१६.	नगर का.पा. सदस्य श्री जानुका कमर	६५००	१००००	३५००	४१५८०	
१७.	नगर का.पा. सदस्य श्री विमला राई	६५००	१००००	३५००	४१५८०	
१८.	नगर का.पा. सदस्य श्री प्रमिला दनुवार	६५००	१००००	३५००	४१५८०	
१९.	नगर का.पा. सदस्य श्री डोमा शेर्पा	६५००	१००००	३५००	४१५८०	
२०.	नगर का.पा. सदस्य श्री सुन्दर प्रकाश साह	६५००	१००००	३५००	४१५८०	
२१.	वडा सदस्य श्री मणि कोईराला	४५००	६०००	१५००	१७८२०	
२२.	वडा सदस्य श्री मान ब. तामाङ्ग	४५००	६०००	१५००	१७८२०	
२३.	वडा सदस्य श्री टिका कुमारी बि.क.	४५००	६०००	१५००	१७८२०	
२४.	वडा सदस्य श्री धन ब. बस्नेत	४५००	६०००	१५००	१७८२०	
२५.	वडा सदस्य श्री प्रल्हाद कटवाल	४५००	६०००	१५००	१७८२०	
२६.	वडा सदस्य श्री शर्मिला राई	४५००	६०००	१५००	१७८२०	
२७.	वडा सदस्य श्री मसिनी बि.क.	४५००	६०००	१५००	१७८२०	
२८.	वडा सदस्य श्री धन कुमार तामाङ्ग	४५००	६०००	१५००	१७८२०	
२९.	वडा सदस्य श्री भक्त ब. तामाङ्ग	४५००	६०००	१५००	१७८२०	
३०.	वडा सदस्य श्री गंगा कुमारी विष्ट	४५००	६०००	१५००	१७८२०	
३१.	वडा सदस्य श्री स्मिृति तोलाङ्गी सुयल	४५००	६०००	१५००	१७८२०	
३२.	वडा सदस्य श्री डम्बर ब. मगर	४५००	६०००	१५००	१७८२०	
३३.	वडा सदस्य श्री चतुर नारायण चौधरी	४५००	६०००	१५००	१७८२०	
३४.	वडा सदस्य श्री अमृता दर्जी	४५००	६०००	१५००	१७८२०	
३५.	वडा सदस्य श्री भद्र बहादुर खत्री	४५००	६०००	१५००	१७८२०	
३६.	वडा सदस्य श्री तुलसीराम ढकाल	४५००	६०००	१५००	१७८२०	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

३७.	वडा सदस्य श्री मिकिमाया बि.क.	४५००	६०००	१५००	१७८२०	
३८.	वडा सदस्य श्री उद्धव भुजेल	४५००	६०००	१५००	१७८२०	
३९.	वडा सदस्य श्री श्याम कुमार बस्नेत	४५००	६०००	१५००	१७८२०	
४०.	वडा सदस्य श्री गोपी झापा राई	४५००	६०००	१५००	१७८२०	
४१.	वडा सदस्य श्री उमा परियार	४५००	६०००	१५००	१७८२०	
४२.	वडा सदस्य श्री मणिकुमार कटवाल	४५००	६०००	१५००	१७८२०	
४३.	वडा सदस्य श्री हरिमान कटवाल	४५००	६०००	१५००	१७८२०	
४४.	वडा सदस्य श्री यशोधा कुमारी नेपाली	४५००	६०००	१५००	१७८२०	
४५.	वडा सदस्य श्री गरुड बहादुर बि.क.	४५००	६०००	१५००	१७८२०	
४६.	वडा सदस्य श्री बासुदेव राई	४५००	६०००	१५००	१७८२०	
४७.	वडा सदस्य श्री बिलकुमारी चौधरी	४५००	६०००	१५००	१७८२०	
४८.	वडा सदस्य श्री सन्तोषि बि.क.	४५००	६०००	१५००	१७८२०	
४९.	वडा सदस्य श्री तेज ब. थापा	४५००	६०००	१५००	१७८२०	
५०.	वडा सदस्य श्री विष्णुकुमारी राई	४५००	६०००	१५००	१७८२०	
५१.	वडा सदस्य श्री रेखा परियार	४५००	६०००	१५००	१७८२०	
५२.	वडा सदस्य श्री डिल्ली ब. खत्री	४५००	६०००	१५००	१७८२०	
५३.	वडा सदस्य श्री नन्दीलाल चौधरी	४५००	६०००	१५००	१७८२०	
				जम्मा	**२४५९१६०**	

२२. **पदाधिकारी पोशाक खर्चः** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउँने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ मा पदाधिकारीहरुलाई पोशाक खर्च दिने व्यवस्था छैन । नगरपालिकाले यो वर्ष ९३ जना कार्यपालिकाका पदाधिकारीहरुलाई प्रति व्यक्ति रु. ९४३३।९६ का दरले पोशाक खर्च बापत रु.५,००,०००।- रकम भुक्तानी दिएको देखियो । ऐनमा व्यवस्था नभएको सुविधा खर्च लेखेकोले उक्त खर्च नपाउने हुँदा असुल हुनुपर्ने रु.- — ५००००/-

२३. **खर्चको पुष्ट्याई, प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याँई तथा बिल भरपाई संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । देहाय बमोजिमको खर्चमा खर्चको पुष्ट्याँई नखुलेको र खर्चका बिल भरपाईहरु पनि संलग्न नदेखिएकोले खर्चको पुष्ट्याँई हुन सकेन । तसर्थ सोको आवश्यक प्रमाण पेश हुनुपर्ने रु... — ४७९१५७/-

भौ.नं.र मिति	खर्चको विवरण	खर्च रकम	कैफियत
४५१-२०७६/१/६	परम्परागत संस्कृति संरक्षण कार्यक्रम अन्तर्गत वडा नं. ९ को पिण्डेश्वर महादेव अर्धनारीश्वरी अर्चना बाबा भजन किर्तन समुहलाई खरिद भएका स्पिकर बक्स, माईक्रोफोन स्ट्याण्ड लगायतका रु.८४,१४८/- का विभिन्न सामानहरु	८४१४८	उक्त ईलेक्ट्रोनिक्स सामानहरु समुहको जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने
७३६-२०७६/३/१५	वडा नं. ७ मा ढाका बुनाई तालिम संचालनको लागि खरिद भएका १० थान तान र १ थान तान ड्रम खरिद खर्च १७०,००९/-	१७०००९	उक्त तान र ड्रम ढाका बुनाई तालिमका प्रशिक्षार्थीहरुलाई बुझाएको प्रमाण पेश गर्नुपर्ने
७९४-२०७६/३/२०	नेपाल सामाजिक विकास तथा जनसशक्तिकरण केन्द्रलाई बाल हेल्प लाईन भवन निर्माण गर्न अनुदान स्वरुप रु.१,५०,०००/- खर्च	१५००००	भवन निर्माणको कार्य प्रगति विवरण पेश गर्नुपर्ने
८०९-२०७६/३/२२	आ.ज. महासंघ कार्यालय व्यवस्थापनको लागि स्टिल दराज १ थान, अफिस टेबल २ थान र प्लाष्टिक कुर्सी ६० थानको खरिद खर्च रु.७५ हजार	७५०००	उक्त सामानहरु महासंघको जिन्सीमा आम्दानी गरेको प्रमाण पेश गर्नुपर्ने ।
	जम्मा	**४७९१५७**	

२४. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ अनुसारको भुक्तानीमा भुक्तानी रकम (मू.अ.कर बाहेक)को अंकमा तोकिएको दरले अग्रिम कर कट्टी गर्नु पर्दछ । कार्यालयले देहायको भुक्तानीमा लाग्ने अग्रिम कर कट्टी गरेको देखिएन । तसर्थ ऐन अनुसार लाग्ने कर रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु... — १६९७७०/-

ब.उ.शि.नं.	भौ.नं. र मिति	खर्चको विवरण	भुक्तानी लिनेको नाम	भुक्तानी रकम (मू.अ.कर बाहेक)	नपुग कर रकम	करको किसिम
वित्तिय	२९-२०७५/६/२२	कर्मचारी क्षमता	महिला बालबालिका उत्थान	४०००००	४५९९४	अग्रीम कर

दफा नं.	भौ.नं., मिति र व्यहोरा							बेरुजु रकम
	समानिकरण (चालुतर्फ)		विकास तलिम	तथा वातावरण संरक्षण केन्द्र नेपाल (मू.अ.करमा दर्ता नभएको)				
		६०-२०७५/६/२५	कम्प्युटर प्रिन्टर मर्मत	मनिषा होर्डिङ्ग बोर्ड एण्ड सप्लायर्स (मू.अ.करमा दर्ता नभएको)	१७६२२०	१०४२५		
		४००-२०७५/१२/१३	वडा स्तरीय मेलमिलाप तथा क्षमता विकास तालिम	प्लान एण्ड एक्सन फर नेशन एण्ड सोसाईटी (मू.अ.करमा दर्ता नभएको)	४९९८६०	४८८३३		
		४०१-२०७५/१२/१३	ड्राईभिङ्ग तालिम संचालन खर्च	उपाहार एफ.एम. ९५.४ मेगाहर्ज (मू.अ.करमा दर्ता नभएको)	२४२२००	२४५४२		
		७९५-२०७६/३/२१	सडक नाटक प्रदर्शन बापतको पारिश्रमिक भुक्तानी	नारी जागरण अभियान समूह(मू.अ.करमा दर्ता नभएको)	१५००००	२२५००		
		८१०-२०७६/३/२२	वडा नं. ९ को घरभाडा खर्च	वडा सचिव जनकलाल लेखी	४००००	४०००	बहाल कर	
		८६७-२०७६/३/२७	म.स्व.स्व.सेविकाको यातायात खर्च	विभिन्न ५४ जना म.स्वा.स्व.सेविकाहरु	६४८०००	६४८०	सा.सु. कर	
		९१२-२०७६/३/२९	सार्वजनिक सुनुवाई कार्यक्रम खर्च	प्लान एण्ड एक्सन फर नेशन एण्ड सोसाईटी (मू.अ.करमा दर्ता नभएको)	८०८३०	६९९६	अग्रीम कर	
						जम्मा	**१६९७७०**	

२५. **आर्थिक सहायता :** नगरपालिकाले यस वर्ष विभिन्न व्यक्तिहरुलाई औषधि उपचार, आगलागी, हात्ती नियन्त्रण क्षतिपूर्ति आदिबापत जम्मा रु.९६,०६,०००/- आर्थिक सहायतामा खर्च गरेको छ । सहायता वितरण गर्दा प्रति व्यक्ति घटीमा रु.५०००/- देखि बढीमा रु.२,००,०००/- सम्म वितरण गरेको छ । न.पा.ले यस्तो आर्थिक सहायता वितरण सम्बन्धि कार्यविधि तयार गरेको भएता कार्यविधिले तोकेको प्रति व्यक्ति बढीमा रु.५० हजारको सिमा नघाई रु.२ लाख सम्म वितरण गरेकोले खर्च अत्यधिक देखिंदा यसमा नियन्त्रण हुनुपर्दछ ।

२६. **वितरणमुखी योजना :** स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसंग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । नगरपालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो । जुन योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनिय योगदान पुर्‍याउने देखिदैन । उदाहरणका रुपमा केही योजनाहरु देहाय अनुसार छन् ।

ब.उ.शि.नं.	भौ.नं. र मिति	विवरण	रकम
वित्तिय समानिकरण चालूतर्फ	६-२०७५/६/११	तिज शुभकामना आदानप्रदान कार्यक्रम	२९८७६५
	६२-२०७५/६/२५	जितिया महोत्सव गर्न	२०००००
	२१२-२०७५/१०/१७	चौदण्डिगढी साप्ताहिकलाई अनुदान	१०००००
		जम्मा	**५९८७६५**

२७. **बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा गोश्वारा भौचर साथ संलग्न विल भरपाईको जोड जम्मा अनुसार हुन आउने रकम मात्र खर्च लेख्नुपर्दछ । देहायको विवरण अनुसार संलग्न बिल भरपाईबाट खर्च लेख्नुपर्ने रकम भन्दा बढी खर्च लेखेको देखिंदा यसरी बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु... १५०००/-

भौ.नं. र मिति	खर्चको विवरण	खर्च लेख्नुपर्ने	खर्च लेखेको	बढी खर्च
९३४-२०७६/३/३०	५० प्रतिशत अनुदानमा गोला सहितको मौरीघार २० थान कृषकलाई वितरण (नुमा राईको पे.फ.)	१०५०००	१२०००००	१५०००

२८. **शहरी स्वास्थ्य केन्द्रलाई अनुदान :** कार्यालयले अनुदानबापत खर्च लेखेको रकमको सदुपयोग भए नभएको एकिन गर्नुपर्दछ । यस वर्ष कार्यालयबाट देहायका शहरी स्वास्थ्य केन्द्रहरुलाई संचालन अनुदानबापत रु.१८,७२,०६३/- खर्च लेखेको देखियो । यसरी अनुदान दिंदा सोको उपयोगिता खुल्ने गरी लेखापरीक्षण

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	प्रतिवेदन संलग्न गरेरमात्र अनुदान दिनुपर्नेमा प्रतिवेदन बेगर अनुदान दिएकोले अनुदानको उपयोगिता स्पष्ट हुन नसकेको रु...	१२००००००/-

भौ.नं. र मिति	स्वास्थ्य केन्द्रको नाम	अनुदान रकम
२४-२०७५/६/२०, ९/२०	शहरी स्वास्थ्य केन्द्र, हडिया	७०००००
६४-२०७५/६/२५	शहरी स्वास्थ्य केन्द्र, आमसाल	५०००००
	जम्मा	**१२००००००**

२९.	**खरिद योजना र नागरिक बडापत्र तयारी :** भौ.नं. ३४-२०७५/६/२२ कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३, नियमावली २०६४ एवं सुशासन ऐन,२०६४ बमोजिम आफ्नो वार्षिक खरिद योजना तथा नागरिक बडापत्र तयार गरी सेवाग्राही सबैले देख्न सक्नेगरी बडापत्र राख्नुपर्दछ । न.पा.ले यस प्रकारका प्रत्यक्षरुपमा कार्यालयको आन्तरिक कृयाकलापसंग सम्बन्धित विषयको काम आफैले गर्नुपर्दछ । यस कार्यालयले वार्षिक खरिद योजना तयार गर्ने एवं नागरिक बडापत्रको मस्यौदा तयार गर्ने काम समेत परामर्शदाता माईपोखरी स्टडिज एण्ड कन्सल्टेन्सी प्रा.लि.मार्फत गराई प्रा.लि.लाई रु.२,९९,४५०/- भुक्तानी दिएको देखियो । यसरी कार्यालय आफैले गर्नुपर्ने आन्तरिक कार्यविधिको काम समेत अन्यत्रबाट गराई कार्यालयलाई थप व्ययभार पारेको देखिएको रु...	२९९४५०/-
३०.	**खानेपानी अनुदान :** भौ.नं.१२६-२०७५/७/३० कार्यालयले स्वीकृत बजेट खर्च गर्दा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार बिलभरपाई संलग्न गरेरमात्र खर्च गर्नुपर्दछ । कार्यालयले निम्न खा.पा.उ.स. मध्ये केहीलाई रकम अभाव भएको भनी अनुदान स्वरुप रकम उपलब्ध गराएको र केहीलाई जनसहभागीताबापत कुल लागतको १ प्रतिशतले हुने रकम जम्मा गर्न रकम नभएको भनी उपलब्ध गराएको छ । यसरी उपभोक्ताबाट अनिवार्य लागत सहभागीता हुनुपर्ने रकम समेत जम्मा नगरी कार्यालयबाट अनुदान दिन मिल्ने देखिदैन । त्यसैगरी खा.पा. योजनाको कार्य सम्पन्न प्रतिवेदन एवं बिलभरपाई नराखी बजेट खर्च लेख्न मिल्ने देखिएन ।	

सि.नं.	योजनाको नाम	प्रयोजन	अनुदान खर्च रकम	कैफियत
१.	मुलखोला खा.पा.उ. समिति	कुल लागतको १ प्रतिशत लागत सहभागिता जुट्नुपर्ने रकम	५०००००	जनसहभागीता रकम नजुटाएको
२.	बसाह खा.पा.उ. समिति		१००००००	
३.	भीमा खोला उ.समिति	योजनाको काम गर्न रकम अभाव भएको	३०००००	बिल भरपाई प्राविधिक पुष्ट्याई, कार्य सम्पन्न प्रतिवेदन नभएको
४.	बेलटार दोश्रो खा.पा.		३०००००	
५.	ज्यामिरे खा.पा.उ. समिति	योजनाको काम गर्न रकम अभाव भएको र काम सम्पन्न गरी २०७५ माघ मसान्त सम्म बिल भरपाई पेश गर्नेगरी दिएको	२२५०००	
		जम्मा	**२३२५०००**	

३१.	**जिन्सी सफ्टवेयर :** भौ.नं १२९-२०७५/७/३० नगरपालिका कार्यालय र सांग्रीला माईक्रो सिस्टम प्रा.लि. बीच भएको सम्झौता अनुसार कार्यालयमा जिन्सी व्यवस्थापन प्रणाली (सफ्टवेयर) जडान गरी प्रा.लि.लाई रु.१,५०,०००/- भुक्तानी दिएको छ । सफ्टवेयरको प्रयोग गरी जिन्सी व्यवस्थापन चुस्त, दुरुस्त एवं प्रभावकारी बनाउनुपर्नेमा हालसम्म पनि सफ्टवेयर पूर्ण रुपमा संचालनमा ल्याएको देखिएन । जिन्सी खातामा एकै किसिमको सामान एकै पानामा प्रविष्टि गर्नुपर्नेमा फरक फरक पानामा प्रविष्टि गरेको, सामानको दाखिला प्रतिवेदन नं. अनुसार जिन्सी खाताको पाना नं. भिडान नभएको एवं म.ले.प.फा.नं.मा उल्लेखित विवरणहरु सबै खुलाउने गरी जिन्सी अभिलेख नराखेकोले लेखा श्रेस्ता अनुसार यस वर्ष खरिद भएका जिन्सी सामानहरुको दाखिला हिसाब जिन्सी खातामा भिडान गर्न समेत सकिएको छैन । तसर्थ जिन्सी व्यवस्थापन पक्ष कमजोर देखिन आएको छ ।	
३२.	**अक्षयकोष :** भौ.नं ६०६-२०७६/२/१७ नगरपालिका अन्तर्गतको जलेश्वरी जनता आ.वि (कक्षा १ देखि ८) रानीटारको माग निवेदन अनुसार भनी विद्यालयको अक्षयकोष स्थापनाको लागी न.पा.को २०७६।२।१० को	५००००००/-

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	निर्णयानुसार रु.५ लाख खर्च लेखी भुक्तानी दिएको देखियो । यसरी संस्थाको अक्षयकोष स्थापना गर्न बजेट खर्च लेख्न मिल्ने नदेखिएको रु...	
३३.	**सामान मौज्दात :** भौ.नं ८६६-२०७६/३/२७ नगरपालिका अन्तर्गत गठन भएका विभिन्न १६० टोल विकास संस्थाहरुका लागि आवश्यक पर्ने विभिन्न स्टेशनरी सामानहरु खरिद गरी दिने नगर परिषदको स्वीकृत कार्यक्रम अनुसार शिलबन्दी दरभाउपत्रको माध्यमबाट लक्ष्मी छापाखाना मार्फत रु.९,६९,२६८।- मा खरिद गरेका मुख्य खाता, ऋण खाता, नगदी रसिद आदि गरी विभिन्न २० आईटमका सामानहरु देखियो । उक्त सामानहरु ले.प. अवधि (२०७६।१०।९ सम्म पनि सम्बन्धित संस्थाहरुलाई हस्तान्तरण नगरी जिन्सीमै मौज्दात रहेको छ । यसरी सामानहरु खरिदमात्र गरी मौज्दात राख्नु उपयुक्त देखिएन । यस विषयमा कार्यालय संग छलफल गर्दा संस्थाहरुलाई तालिम दिई तत्पश्चात सामान हस्तान्तरण गरिने जवाफ प्राप्त भएको छ ।	
३४.	**गिटी निकासी :** भौ.नं १५५-२०७५/९/२० नगरपालिकाको वडा नं. ३ स्थित विरेन्द्र चोक र शनिबारे बिचमा पर्ने कालिखोलाबाट निकासी हुने गिटीको आय असुल गर्न न.पा.बोर्डको २०७५।५।३१ को निर्णयानुसार वडा नं. ३ का विजय कुमार राईलाई २०७५।६।१५ देखि खटाई निजको भनाई र ३ नं. वडा कार्यालयको २०७५।८।२८ को पत्रानुसार २०७५।७।१० देखि २०७५।८।२६ सम्म शर्मा एण्ड लामा जे.भी. कम्पनीले मात्र सानो गाडीबाट ४६३ ट्रिप र ठूलो गाडीबाट ६०७ ट्रिप निकासी भएको भनी सोको असुली आय रु.१०,५९,३००/- देखाई असुलीको १० प्रतिशतले हुने रु. १,०५,९३०/- निजलाई भुक्तानी दिएको देखियो । यसरी २०७५।६।१५ देखि निजलाई असुली गर्न खटाएकोमा २०७५।६।१५ देखि २०७५।७।९ सम्म निकासी भएको विवरण नदेखाई केवल २०७५।७।१० देखिको मात्र निकासी देखाएको र उक्त अवधिमा शर्मा एण्ड लामा जे.भी. कम्पनीले लगेको गिटी देखाएको तर अन्यले लगेको नदेखाएको, कार्यालयले नगदी रसिद दिई रसिदमार्फत राजश्व असुली गर्नुपर्नेमा नगदी रसिद नदिएको र निजको भनाई एवं वडा कार्यालयले अभिलेखित आधार बेगर लेखेको पत्रको आधारमा मात्र राजश्व अंक एकिन गरी १० प्रतिशत रकम फिर्ता दिएकोमा असुलीको वास्तविकता एकिन नदेखिएको रु...	१०५९३०/-
३५.	**खर्चको उपयोग :** भौ.नं २१४-२०७५/१०/१७ नगरपालिका अन्तर्गतको वडा नं.७ ले देहायका शिक्षण संस्थासंग सम्बन्धित व्यक्तिहरुलाई सहयोग स्वरुप नगदै रकम उपलब्ध गराएको देखियो । यसरी व्यक्ति विशेषलाई नगदै दिएको रकम सम्बन्धित क्याम्पस तथा विद्यालयको खातामा जम्मा भई प्रयोग भएको छ भन्न सकिने अवस्था नभएबाट उक्त रकम संस्थाको खातामा जम्मा भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा निजहरुबाट असुल गर्नुपर्ने रु...	५००००/-

सि.नं.	बुझिलिनेको नाम थर	रकम
१.	नारद आदर्श शिक्षा क्याम्पसका स्व.वि.यु. सभापति प्रताप सिं राई	२००००
२.	सगरमाथा आधारभुत विद्यालयका प्र.अ. अम्बर बहादुर खड्का	१५०००
३.	पञ्चमी आधारभुत विद्यालयका प्र.अ. तारा कुमारी कोईराला	१५०००
	जम्मा	**५००००**

३६.	**तथ्यांक संकलन भत्ता :** भौ.नं ७४७-२०७६/३/१६ गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन, २०७५ मा तोकिएको सुविधाको अतिरिक्त पदाधिकारीहरुले अन्य थप सुविधा पाउने व्यवस्था देखिदैन । न.पा. अन्तर्गतको वडा नं. ७ का निम्न सदस्यहरुले विभिन्न किसिमका तथ्यांक संकलन गरेको भनी प्रति व्यक्ति रु.१५ हजारका दरले भत्ता स्वरुप भुक्तानी लिएको देखियो । निजहरुलाई तथ्यांक संकलन गर्न आदेश भएको एवं निजहरुले के कस्ता किसिमका तथ्यांक संकलन गरेको हो सो सम्बन्धि प्रमाण कागजात पनि केही नदेखिंदा यसरी बिना आधार प्रमाण भत्ता खर्च भुक्तानी लिन मिल्ने नदेखिंदा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु...	२५५००/-

सि.नं.	दर्जा नाम थर	कट्टी कर घटाई भत्ता खर्च रकम
१.	वडा सदस्य श्री मणिकुमार कटवाल	१२७५०
२.	वडा सदस्य श्री हरिमान कटवाल	१२७५०
	जम्मा	**२५५००**

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
३७.	**पशु स्वास्थ्य परीक्षण :** भौ.नं.९८१।२०७६।३।३१ ६ नं. वडाका वडा सचिव सत्यनारायण हुजदारको रु.२५६०००।- को संलग्न पेश्की फछ्र्यौट फाँटवारीमा ३ वटा विउ बोका कृषकवाट प्रतिगोटा रु.३२०००।- का दरले रु.९६०००।- र ढुवानी ४०००।- समेत रु.१००००००।- खर्च लेखेको देखियो । तर खरिद गरिएका पशुहरुको स्वास्थ्य ठिक रहे नरहेको स्वास्थ्य परीक्षण गरेको प्रमाण र सिफारिस साथ उक्त बोका वडावाट वितरण भएको हो भनी परिचय खुल्ने गरी ट्यागिङ्ग गरेको विवरण स्रेस्ता साथ संलग्न रहेको पाइएन । तसर्थ खरिद गरिने पशुहरुको अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराई परिचय खुल्ने गरी ट्यागिङ्ग गरेरमात्र खरिद गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	
३८.	**व्यवस्थापन तालिम :** भौ.न.ं९७९-२०७६।३।३१ टोल विकास संस्थाका अध्यक्ष,ा सचिव र कोषाध्यक्षका लागि संस्था व्यवस्थापन तालिम संचालन गरी जनकलाल लेखीको रु.१५००००।- पेश्की फछ्र्यौट मा निम्न अनुसार भए गरेको देखियो ।	
३८.१.	एक दिनमा ४ कक्षा सम्मको प्रशिक्षक भत्ता लिन मिल्नेमा ५/५ कक्षाको दरले २ दिनको २ कक्षा बढी दावी गरी भुक्तानी लिएको रु.४०००।- असुल हुनुपर्ने रु...	४०००/-
३८.२.	भुक्तानीमा कर कट्टि गरेको रु.७२००।- को दाखिला प्रमाण पेश नभएको रु...	७२००/-
३८.३.	संलग्न विल भरपाई रु.१४२७३०।- मात्र रहेकोमा रु.१५००००।- पेश्की फछ्र्यौट गरेकोले नपुग रु.७२७०।- असुल हुनुपर्ने रु...	७२७०/-
३९.	**पुंजिगतवाट तलब :** कार्यालयले निम्न भौचर र मितिवाट पुंजिगत निर्माण कार्यको लागि छुट्याइएको बजेटवाट नगर बोर्ड बैठकको निर्णयले विद्यालयका शिक्षकहरुलाई तलब भत्ता खर्च लेखेको देखियो । यसरी पुंजिगत बजेटवाट चालु खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । केही उदाहरण देहाय बमोजिम छन् : भौ.नं. र मिति: ३१२-२०७६/१/१३ — छुट्याएको बजेट कार्यक्रम: वडा नं.५ को ललिताको घर देखि डिहिवार थान सडक — खर्च भएको कार्यक्रम: शिव मा.वि. र श्री मा.वि. का शिक्षक तलब — रकम: ३५०००० भौ.नं. र मिति: ४९६-२०७६/३/२१ — छुट्याएको बजेट कार्यक्रम: वडा नं.५ चर्पीको लागि रिङ्ग निर्माण — खर्च भएको कार्यक्रम: मा.वि.सिवाइका शिक्षकको तलब — रकम: ५०००००	
	विषयगत कार्यक्रमतर्फ	
	शिक्षा	
४०.	**विद्यालयगत निकासा रजिष्ट्रर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।	
४१.	**छात्रवृति तथा पाठ्यपुस्तक वितरण :** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब.मा छात्रवृत्ति बापत रु.१७३०८००।- र निशुल्क पाठ्यपुस्तक बापत रु.३७३१४५२।- गरी ४८ विद्यालयहरुलाई रु.५४६२२५२।- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनुपर्दछ ।	
४२.	**बढी निकासा :** सामुदायिक विद्यालयको आधारभुत तथा माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि विपन्न लक्षित हुने गरी गैर आवासिय छात्रवृत्ति वितरणको लागि EMIS मा रेकर्ड भएका तथा छात्रवृत्ति पाउने विद्यार्थी संख्या एकिन गरी निकासा दिनुपर्नेमा नगरपालिकाले कक्षा १ देखि ८ सम्मका ४८	२१२८००/-

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	विद्यालयका छात्रा विद्यार्थीहरुको लागि रु.१७३०८००।- छात्रवृत्ति रकम निकासा गरेको छ । विद्यालगत EMIS को डाटा भिडान गरी हेर्दा ४८ विद्यालयका जम्मा छात्रा संख्या ३७९५ जनाको लागि रु.१५१८०००।- निकासा दिए पुग्ने देखिएकोले बढी निकासा भएको रु.२१२८००।- असुल गरी दाखिला हुनुपर्ने रु...	
४३.	**सामाजिक परिक्षण र वित्तिय लेखा परिक्षण :-** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम यस नगरपालिका अन्तर्गतका १९ माध्यमिक विद्यालय र २९ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परिक्षण तथा लेखापरीक्षण बापत रु.५७५०००।- अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवाफदेहिताको सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिँदा सम्म सामाजिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन ।	
४४.	**करार कर्मचारी चाडपर्व खर्च :** नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने भन्ने उल्लेख छ । कार्यालयले ज्योति मा.वि.वेल्टारमा २०७५।२।१३ मा करारमा नियुक्ति हुनुभएका सगेन्द्र कुमार राईलाई करार अवधि ६ महिना नपुग्दै रु.३४२२०।- चाडपर्व खर्च भुक्तानी भएकोले असुल हुनुपर्ने रु...	३४२२०/-
४५.	**बढी भुक्तानी :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं.२.१५.११.७७० अनुसार शिक्षण सिकाई सामाग्री तथा बुक कर्नरको लागि कक्षा ११-१२ का ६ वटा उ.मा.वि.का ७३८ जना विद्यार्थीको लागि प्रति विद्यार्थी रु.२५०।- का दरले रु.१८४५००।- निकासा भएकोमा EMIS को विवरण अनुसार विद्यार्थी संख्या ४०५ रहेको पाइएको छ । कार्यालयले विद्यार्थी संख्या एकिन गरी निकासा दिनुपर्नेमा विवरणमा उल्लेख भए भन्दा बढी संख्या ३३३ को रु.८३२५०।- बढी निकासा भएकोले असुल गरी दाखिला हुनुपर्ने रु...	८३२५०/-
४६.	**शिक्षण सहयोग अनुदान :** साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमती प्राप्त गरी संचालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि शिक्षण सिकाइ सहयोग अनुदान उपलब्ध गराइने व्यवस्था रहेको छ । साथै अनुदान वितरण सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्दिष्ट गरेको मापदण्ड, विधि, प्रक्रियाका आधारमा अनुदान दिनुपर्नेमा नगरपालिकाले छनौटको आधार प्रमाण बेगर निम्न विद्यालयलाई शिक्षण सहयोग अनुदान निकासा गरेको पाइयो । शिक्षण सहयोग अनुदान प्राप्त देहायका विद्यालयहरुले शिक्षक व्यवस्था गरेको प्रमाण पेश हुनुपर्ने रु...	३९५९०००/-

सि.नं.	विद्यालयको नाम	निकासा रकम
१	सिंहदेवी मा.वि. माडिवास	३६६०००
२	कालिका मा.वि.सिर्वानी	३६६०००
३	जाल्पा जन मा.वि.अजिंगरे	३६६०००
४	जनता आदर्श मा.वि. कालिखोला	३६६०००
५	जन विकास मा.वि. भिमा	३६६०००
६	सगरमाथा मा.वि.भोर्लेनी	३६६०००
७	शिव मा.वि. सुन्दरपुर	३६६०००
८	जलेश्वरी जनता आ.वि.रानिटार	२८२०००
९	जयकलादेवी आ.वि.कालिटार	२५५२४०
१०	नारद आदर्श मा.वि. बसाहा	६६५०००
११	भगवती मा.वि.मुसहर्निया	१९४७६०
	जम्मा	**३९५९०००**

४७.	**भुक्तानीमा कट्टी :** भौ.नं.१८४।२०७६।३।३१ आयकर ऐन, २०५८ को दफा ८९(३क) अनुसार कार्यालयले	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	उपभोक्ता समिति मर्फत संचालन गरेको रु.५० लाख भन्दा बढीको योजनामा भुक्तानी रकमको १.५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्दछ । कार्यालयले नमुना विद्यालय सुधारको लागि जनता मा.वि.हडियालाई रु.१५०००००००।- भुक्तानी दिएको रकममा १.५ प्रतिशतले लाग्ने अग्रिम कर रु.२२५०००।- कट्टी गरी भुक्तानी दिनुपर्नेमा रु.९०२१५।- मात्र कट्टी गरी भुक्तानी दिएकोले नपुग कर रु.१३४७८५।- असुल गरी राजस्वमा दाखिला गर्नु पर्ने रु.-	१३४७८५/-
	स्वास्थ्य सेवातर्फ	
४८.	**तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ मा जिल्ला स्थित सरकारी कार्यालयको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलबी प्रतिवेदन पास गराई मात्र तलब खुवाउनु पर्ने उल्लेख भएकोमा कार्यालयले स्वास्थ्य सेवाका कर्मचारीहरुको आ.ब.२०७५।७६ को लागि तलबी प्रतिवेदन पास नगराई तलब भत्ता खर्च लेखेको पाइएकोले कर्मचारीहरुको ग्रेड रकम एकिन गर्न सकिएन । नियममा व्यवस्था भए बमोजिमको कार्य गर्न कार्यालयको ध्यान जानुपर्दछ ।	
४९.	**भुक्तानी दिन बाँकीको कच्चावारी :** भौ.नं.११४।२०७६।२।२५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । यस कार्यालयले आ.ब.०७४।७५ को आषाढ महिनाको ३६ जना स्वास्थ्य कर्मीको महंगी भत्ता रु.३६०००।- भुक्तानी दिन बाँकीको कच्चावारी म.ले.प.फा.नं.१८ मा नराखी यस आर्थिक वर्षमा खर्च लेखेकोले उक्त रकम नियमित हुनु पर्ने रु.	३६०००/-
	कृषितर्फ	
५०.	**नगद वितरण :** कार्यालयले सिंचाई विकास कार्यक्रमको लागि ३५ वटा कृषक समुहलाई छनौट गरी ती समूहलाई सिंचाई निर्माण तथा मर्मत र इनारका लागि विद्युतिय मोटर, पम्पसेट लगायतका सामान वितरण गर्ने कार्यक्रम रहेकोमा कृषि शाखाका कर्मचारी यशोदा खड्काले उक्त कार्यक्रम संचालन गर्दा सामानहरु नियमानुसार खरिद गरी वितरण गर्नुपर्नेमा त्यसो नगरी कृषकहरुलाई नगदै बुझाएको पाइयो । उक्त सामानको लागि खर्च लेखिएको रकम रु.१३४००००।- वाट प्रतिस्पर्धा नगराई सोझै कृषकलाई भुक्तानी गर्दा खर्च मितव्ययि हुने देखिएन । यसवाट कार्यक्रमले लिएको लक्ष्यअनुरुपको प्रतिफल नहुने र खरिदमा प्रतिस्पर्धा समेत नहुने भएकोले यस्तो कारोबारमा नियन्त्रण हुनुपर्दछ ।	
५१.	**पेश्की कारोबार :** कार्यालयले कृषि सम्बन्धी कार्यक्रम संचालनको लागि २ जना करारका कर्मचारीलाई रु.१३४००००।- र ६२००००।- पेश्की दिई कार्यसंचालन गरेको छ । यसरी करारका कर्मचारीवाट ठुलो रकम पेश्की दिई कार्यक्रम संचालन गर्दा जिम्मेवारीको दृष्टिकोणले जोखिम हुनसक्ने भएकोले पेश्की कारोवार गर्दा जिम्मेवार व्यक्तिवाट गराउन कार्यालयले ध्यान पुर्‍याउनु पर्ने देखिन्छ ।	
५२.	**कृषक छनौट :** कार्यालयले बार्षिक कार्यक्रमा रहेको कार्यक्रम संचालन गर्नुपूर्व कृषकस्तरमा सूचना प्रवाह गरी पर्न आएको आवेदनवाट कृषक छनौट गरी छनौट भएका कृषकलाई निर्णय गरेर मात्र अनुदान वितरण गर्नुपर्नेमा कार्यालयले कृषि तथा पशु सेवाका अधिकांश कार्यक्रममा कृषकको माग तथा छनौटको आधार तयार नगरी विभिन्न किसिमका अनुदान प्रदान गरेको पाइयो । यसरी विना सूचना तथा कृषकको माग बेगर अनुदान वितरण हुँदा सम्बन्धित कृषकले लाभान्वित हुने अवसर नपाउने साथै कार्यक्रमले लिएको लक्ष्य अनुरुप नहुने हुँदा यसतर्फ कार्यालयको ध्यान जानु जरुरी छ । यस्का केही उदाहरण निम्न छन् : **भौ.नं. र मिति** / **कार्यक्रमको नाम** / **अनुदान पाउने कृषक** / **अनुदान सामान** १५३-२०७६/३/२६ / उन्नत जातको बोका खरिद / वडा नं.१ का ४ जना कृषक / बोयर बोका प्रत्येक समुहलाई १/१ गोटा १५२-२०७६/३/२५ / माछा पोखरी निर्माण / विभिन्न व्यक्तिहरु / पोखरी निर्माण खर्च १५९-२०७६/३/२६ / सिंचाई विकास कार्यक्रम / विभिन्न व्यक्तिहरु / विद्युतिय मोटर, पम्पसेट लगायतका सामान १८०-२०७६/३/३१ / बाखा पकेट क्षेत्र कार्यक्रम र व्यवसायीक कुखुरा पालन / नवोदित, कालिटार, जिविकोपार्जन बाखा पालन समुह र औतारी, बसन्त पंचामी कुखुरा पालन समुह / बाखा ४० वटा र कुखुराको चल्ला २३३० वटा	
५३.	**प्रतिवेदन खर्च :** भौ.नं.१६८।२०७६।३।२७ कार्यालयले हेल्भेटासतर्फको बार्षिक कृषि कार्यक्रमको प्रगति प्रतिवेदन तयारी खर्च रु.५००००।- र प्रतिवेदन तयारी समिक्षा बैठक खर्च रु.७५०००।- समेत	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	रु.१२५०००।- खर्च लेखेको पाइयो । प्रतिवेदन तयारी तथा समिक्षा बैठकमा उपस्थित भएको भनि १३ जना पदाधिकारी तथा कर्मचारीले रकम बुझेको देखिन्छ । समिक्षा बैठक कुन कुन मितिमा र कुन कुन विषयको लागि बसेको हो सो खुल्ने माइन्यूट पेश भएन साथै प्रतिवेदन तयारीमा कति जना सदस्य रहनुपर्ने र कति समयावधिमा तयार गर्नुपर्ने सो समेत खुलाई स्वीकृती लिएको समेत पाइएन । यसरी उपरोक्त बमोजिमको आधार प्रमाण बेगरको खर्च लेख्न नमिल्ने देखिंदा खर्चको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...	१२५०००/-
५४.	भौ.नं.१८०-२०७६।३।३१ कार्यालयका कर्मचारी भेषराज कटवालको पेश्की फछ्र्यौट फाँटवारी अनुसार निजले १ दिने स्थलगत व्यवसायिक कुखुरा पालन १ दिने तालिम २०७६।३।८, ११, १४, १७ र १८ गरी ५ दिन विभिन्न स्थानमा संचालन गरेकोमा प्रशिक्षक ना.प.स्वा.प्रा.दिपक शर्मा फुयाललाई १ दिन कार्यक्रम संचालन गरेकोमा पनि २ दिनको दरले रु.१००००।- प्रशिक्षक भत्ता दिएको देखियो । तसर्थ बढी भएको ५ दिनको रु.१०००।- दरले हुने रु.५०००।- असुल गरी दाखिला हुनुपर्ने रु...	५०००/-
	आन्तरिक आयतर्फ	
५५.	**नगदी रसिद नियन्त्रण खाता :** कार्यालयले गत वर्षको जिम्मेवारी सरी आएको, यस वर्ष छपाई गरेको, यस वर्ष प्रयोग गरेको र अर्को वर्षलाई जिम्मेवारी सर्न गएको नगदी रसिदको यथार्थ हिसाब देखिनेगरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रमाणित रुपमा राख्नुपर्नेमा सो अनुसार तयार गरी राखेको देखिएन । न.पा.को सबै वडाहरुमा विद्युतिय सफ्टवेयरको प्रयोग मार्फत अनलाईन नगदी रसिदको साथै हाते रसिदबाट समेत आम्दानी गर्ने गरेको देखियो । सफ्टवेयरमा प्राविधिक समस्या आएको बेला हाते नगदी रसिद प्रयोग हुने गरेको भनाई कार्यालयको रहेको छ । सो प्रयोजनको लागी के कति नगदी रसिद छपाई, के कति प्रयोग गरीयो र के कति बाँकी छ तत् सम्बन्धी विवरण लेखापरीक्षणको क्रममा पेश हुन आएन । जसको कारण नगदी रसिदको छपाई, प्रयोग र बाँकीको वास्तविक अवस्था एकिन गर्न सकिएन ।	
५६.	**नगदी रसिदको आम्दानी :** न.पा.का १० वडाहरु मध्ये नमुना छनौट गरी सबैभन्दा धेरै आम्दानी गर्ने ७ नं. वडाको आम्दानी विवरण परीक्षण गर्दा यसवर्ष वडाले अन्य सेवा शुल्कतर्फ रु.४,९८,७२१/- र एकिकृत सम्पत्ति करतर्फ रु.२,६७,९१५/- गरी जम्मा रु.७,६६,६३६/- आम्दानी गरी बैंक दाखिला गरेको पाईयो । सो क्रममा एकिकृत सम्पत्तिकर संकलन गर्न न.पा.वाट बुझीलगेको ९ ठेली हाते नगदी रसिद को प्रयोग भएको पाईयो । सो रसिदहरुको परीक्षण गर्दा जम्मा रु.२,२८,५२५/- मात्र आम्दानी भएको देखिन्छ । जुन रकम दाखिला भएको रकम भन्दा रु.३९,३९०/- ले घटी रहेको देखिन्छ । तसर्थ न.पा.ले आम्दानी भएको वास्तविक रकम भन्दा के कति कारणले बढी रकम दाखिला भएको हो एकिन गरी हिसाब फरफारक गर्नुपर्दछ ।	
५७.	**घटि दाखिला :** कार्यालयले यस वर्ष व्यवसायिक दस्तुर, घरबहाल कर, घरबाटो/नक्सापास दस्तुर, अन्य दस्तुर आदि बापत यस आ.व.मा जम्मा रु.२५,६०,५१४/- आम्दानी गरेको मध्ये रु.२५,५३,६४३/-को मात्र बैक दाखिला भौचर लेखापरीक्षणमा पेश भएको हुँदा नपुग रकम रु.६८७१।- असुल गरी बैंक दाखिला गर्नुपर्ने देखिएको रु...	६८७१/-
५८.	**ढुङ्गा र बालुवा संकलन ठेक्का :** त्रियुगा खोलाको विभिन्न क्षेत्रबाट २०७५।८।२० सम्ममा २३००० घ.मी बालुवा र १९००० घ.मी. ढुङ्गा उत्खनन गरी बिक्री वितरण गर्ने गरी २०७५।७।२० मा नगरपालिका र राउत कन्सट्रक्सन बिच क्रमश : रु.८४,७५,००० र रु.५६,५०,०००/- ले जम्मा रु.१,४१,२५,०००(मू.अ.कर सहित) को सम्झौता भएको थियो । ठेकेदारले दुवै ठेक्काको कुल कबोल अंकको मू.अ.कर बापतको रकम एकमुष्ट रु.१६,२५,०००/- दाखिला गरेको हुँदा बाकी बुझाउनुपर्ने रकम रु.१,२५,००,०००/-मध्ये रु.१,१५,५०,०००।- मात्र न.पा.लाई बुझाएको देखियो । तसर्थ लेखापरीक्षणको अवधिसम्म बाकीं रकम रु.९,५०,०००/- असुल भएको नदेखिएकोले सम्बन्धित ठेकेदारबाट असुल गर्नुपर्ने रु...	९५००००/-
५९.	**गिट्टी संकलन ठेक्का :** द्वार खोला, ज्यामिरे खोला, काली खोला र लामा खोलाको विभिन्न क्षेत्रबाट ५५००० घ.मी गिट्टी उत्खनन गरी बिक्री वितरण गर्ने गरी २०७५।७।२८ मा नगरपालिका र मनन	९२६०७८/-

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	कन्सट्रक्सन प्रा.लि. बिच रु.१,३५,६०,०००/-(मू.अ.कर सहित) को सम्झौता भएको थियो । ठेकेदारले न.पा.को स्वीकृति लिएर थप ८२५० घ.मी. गिट्टी उत्खनन गरेकोमा सो बापत सम्झौतामा कबोल गरेको दर प्रति घन मिटर रु.२१८।१८ ले रु.१८०४९३५।- थप बुझाउनुपर्नेमा अलग अलग मितिमा गरी जम्मा रु.८,७३,९२२/- मात्र दाखिला भएको देखिएकोले बाँकी रु.९३१०१३।- सम्बन्धित ठेकेदारबाट असुल गरी दाखिला गर्नुपर्ने रु...	
६०.	**नदि जन्य पदार्थ उत्खनन :** न.पा.ले वडा नं. ५ को हर्क बहादुर बिष्टलाई अमानतमा नदीजन्य पदार्थहरु उत्खनन गर्न अनुमति दिएकोमा निजबाट जम्मा रु.५,१६,६००/- आय प्राप्त भएकोमध्ये नगर का.पा.को मिति २०७५।७।१९ को निर्णयानुसार निजलाई कुल संकलित आम्दानीको २० प्रतिशत रकम पारिश्रमिकको रुपमा भुक्तानी गरेको देखियो । पारिश्रमिक रकम रु.१०३३२०।- कट्टा गरी निजले रु.४,१३,२८०/- न.पा.लाई बुझाउनुपर्नेमा अलग अलग मितिमा गरी जम्मा रु.३,५०,०००/- मात्र बुझाएकोले बाँकी रकम असुल गर्नुपर्ने देखिएको रु...	६३२८०/-
	सामाजिक सुरक्षा कार्यक्रमतर्फ	
६१.	**भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रम खर्चको भरपाई परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्न छन् :	
६१.१.	कार्यविधिको बुंदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले १० वटै वडाका लाभग्राहीलाई ३ वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । न.पा.ले कार्यविधिमा भएको बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्थाको पालना हुनुपर्ने देखिन्छ ।	
६१.२.	कार्यविधिको बुदा नं. १० अनुसार नगरपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहित मूल अभिलेख प्रत्येक वडामा राख्नुपर्ने, बुंदा नं. १२ अनुसार भत्ता पाउन अयोग्य भए लगत कट्टा गर्नुपर्ने, बुंदा नं. १६ अनुसार स्थानीय निकायले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिकको भत्ता आश्विनको दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको दोस्रो हप्ता र तेस्रो चौमासिक जेष्ठको दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने व्यवस्था भएपनि सो अनुरुप नगरी नगरपालिकाले प्रथम किस्ता आश्विन १५ गते, दोस्रो किस्ता फागुन १० गते र तेस्रो किस्ता जेठको २७ (वडा नं.८को) र असारको २२ गते निकासा गरेको देखिन्छ । नगरपालिकाले फोटो सहितको अभिलेख तथा भत्ता पाउन अयोग्यको लगत अद्यावधिक गरेको देखिएन भने कार्यविधिले तोकेको समय सीमाभित्र भत्ता वितरण समेत गरेको छैन ।	
६१.३.	न.पा.को देहाय अनुसारको वडाहरुको भत्ता वितरण गरेको भरपाई जाँच गर्दा प्रथम र दोस्रो चौमासिकको भत्ता वितरण गरेको भरपाईमा लाभग्राहीको मृत्यु जनाई भत्ता रकम फिर्ता गरेकोमा सोही लाभग्राहीलाई त्यसपछिको चौमासिकमा भत्ता वितरण गरेको पाइयो । मृत्यु भएको लाभग्राहीको लगतकट्टा नभएको अवस्थामा अनधिकृत व्यक्तिले भत्ता बुझेको हुन सक्नेहुँदा भत्ता वितरण गरेको लाभग्राही जिवितै भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित वडा सचिवबाट असुल गर्नुपर्ने रकम रु...	८००००/-

वडा नं	लाभग्राहीको नाम	ना.प्र.नं.	जन्म मिति	समूह	रकम	कै.
३	अर्जुन कुमार राई	८८५	२००२/३/६	जे.ना.अन्य	८०००	प्रथम चौ.को मृत्यु मिति २०७५।४।२५ मा मृत्यु उल्लेख गरी रु.२०००/- भुक्तानी दिएकोमा दोश्रो चौमासिकमा रु.८०००/- भुक्तानी दिएको ।
	जित बहादुर राई	४११२	१९९५/२/१५		८०००	प्रथम चौ.मा.को भरपाईमा मृत्यु जनाइएकोमा दोश्रो चौमासिकमा भत्ता खर्च भुक्तानी लेखेको
	डम्बर बहादुर राई	३८०५/९५८	१९८६/१२/५		८०००	
	सन्तमाया तामाङ्ग	१०३३	२०१४/२/१७	विधवा	४०००	दोश्रो चौ.मा.को भरपाईमा मृत्यु जनाएकोमा तेश्रो चौमासिकमा भत्ता

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

	सौरमाया राई	२५५३	२००१/२/१५		८०००	खर्च भुक्तानी लेखेको
७	दल बहादुर कटवाल	१८५८/५८२६	१९८७/१२/३०	जे.ना.अन्य	८०००	प्रथम चौ.मा मृत्यु जनाइएकोमा उक्त भत्ता खर्च भुक्तानी लेखेको
	प्रेम बहादुर थापा	४१६७	१९९५/५/१२		८०००	
	प्रेम बहादुर थापा	१९२७	२०००/२/२		८०००	
	हेमान्ती गुप्ता रौनियार	१४३००८/८१५	२०३८/४/२३	विधवा	४०००	
८	दल बहादुर राई	१४३००७/७२	२००१/३/५	जे.ना.अन्य	८०००	दोश्रो चौ.मा.को भरपाईमा मृत्यु जनाएकोमा तेश्रो चौमासिकमा भत्ता खर्च भुक्तानी लेखेको
१०	पदम कुमारी कार्की	३३९९/५७१	२०१५/९/२२	विधवा	८०००	प्रथम चौ.मा.को भरपाईमा मृत्यु जनाएकोमा दोश्रो र तेश्रो चौ.मा भत्ता खर्च भुक्तानी लेखेको
				जम्मा	**८००००**	

६१.४. कार्यविधिको बुंदा नं. २८ बमोजिम कार्यक्रमको अनुगमन र सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था भएकोमा अनुगमन गरेको देखिएन । त्यस्तै बुंदा नं. ३५ अनुसार वडा सचिवले प्रत्येक चौमासिकमा कम्तिमा १ पटक सामाजिक सुरक्षा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्नुपर्ने, प्राप्त भएका गुनासा समाधान नभए स्थानीय निकाय कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएपनि सो अनुरुप भएको देखिएन । आगामी आ.व. मा भत्ता पाउनेको सूची मार्ग मसान्तभित्र स्थानीय तहको कार्यालय, वडा कार्यालय र सार्वजनिकस्थलमा प्रकाशन गर्नुपर्नेमा सूची तयार गरी प्रकाशन गरेको देखिएन ।

६१.५. कार्यविधिको परिच्छेद ४ को बुँदा नं. १५ मा प्रत्येक स्थानीय तहहरुले वडा कार्यालयहरुले प्रविष्टि गरेको एम.आई.एस. लगतका आधारमा वडा कार्यालयहरुलाई चौमासिक रुपमा पेश्की रकम उपलब्ध गराउने व्यवस्था रहेको छ । केही वडाहरुको एम.आई.एस. विवरण परिक्षण गर्दा लाभग्राहीहरुको विवरण अपुरो प्रविष्टिको साथै एउटै लाभग्राहीको दोहोरो तेहरो विवरण प्रविष्टि गरेको पाईयो । एम.आई.एस.मा लाभग्राहीको सम्पूर्ण विवरण प्रविष्टि नभएको अवस्थामा एकै नाम,थर भएको लाभग्राहीलाई दोहोरो भत्ता भुक्तानी हुन जाने भएकोले एम.आई.एस. विवरण अद्यावधिक गर्नुपर्ने जरुरी देखिन्छ । तपसिलको वडाको लाभग्राहीको विवरण एम.आई.एसमा अद्यावधिक नभएको कारण भत्ता भुक्तानी भएको लाभग्राही एकै भए नभएको एकिन गर्न सकिएन । तसर्थ लाभग्राही एकै नभए सो को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु... — ८४०००/-

लाभग्राहीको नाम	वडा नं.	समुह	ना.प्र.नं./ जन्ममिति	पाउने रकम	दिएको रकम	बढी रकम	कैफियत
मनमाया कटवाल	२	जे.ना.अन्य	५०४/११५८(१९९४/१२/२९) र ५०४/११५९(१९९४/१२/१५)	२४०००	४८०००	२४०००	३ वटै चौमासिकमा दुवै ना.प्र.को लाभग्राहीलाई क्रमश २४,०००/- को दरले भत्ता भुक्तनी गरेको
हिरा कुमारी कटवाल			६२९(२००२/१२/२९) र भरपाईमा एकको ना.प्र.नं. नभएको, जन्ममिति (२००२/१/२) रहेको	२४०००	४८०००	२४०००	३ वटै चौमासिकमा दुवै ना.प्र.को लाभग्राहीलाई क्रमश २४,०००/- को दरले भत्ता भुक्तनी गरेको
राम कुमारी राई	७	विधवा	०४५०१(२०१३/१२/३०) र ५०१(२०१३/५/२)	१२०००	२४०००	१२०००	३ वटै चौमासिकमा दुवै ना.प्र.को लाभग्राहीलाई क्रमश १२,०००/- को दरले भत्ता भुक्तनी गरेको
लछीमाया राई	१०	जे.ना.अन्य	९२६(२००३/१२/२०) र १२०/९२६(२००४/१०/२)	२४०००	४८०००	२४०००	३ वटै चौमासिकमा दुवै ना.प्र.को लाभग्राहीलाई क्रमश २४,०००/- को दरले भत्ता भुक्तनी गरेको
					जम्मा	**८४०००**	

६१.६. कार्यविधिमा भएको व्यवस्था विपरित एम.आई.एसमा अभिलेख नभएको वडा नं.२ को तपसिलका — १५२००/-

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	व्यक्तिहरुलाई भत्ता वितरण गरेको देखिएकोमा सम्बन्धित वडा सचिवबाट असुल गर्नुपर्ने देखिएको रु...	

व्यक्तिको नाम	समुह	जन्म मिति	रकम	कैफियत
सुशिल कुमार सदा	अति अशक्त अपाङ्ग	२०६५/५/२६	७२००	३ वटै चौमासिकमा भत्ता भुक्तानी दिएको
दिलमाया खत्री	एकल महिला	-	४०००	प्रथम चौमासिकमा नाम थप गरि भत्ता रकम खर्च लेखेको (प.पत्र नं.२०२००११२००४५४)
भालुन सदा		-	४०००	प्रथम चौमासिकमा नाम थप गरि भत्ता रकम खर्च लेखेको (प.पत्र नं.२०३०१२२९०००७४)
		जम्मा	**१५२००**	

६१.७.	विभिन्न भौचर/मितिमा न.पा.ले वितरण गरेको सामाजिक सुरक्षा भत्ताको भरपाई परीक्षण गर्दा देहायका लाभग्राहीलाई नियमानुसार पाउने रकम भन्दा बढी रकम भुक्तानी गरेको देखिएकोले न.पा.ले थप छानविन गरी असुल गर्नुपर्ने रु...	३७८४००/-

लाभग्राहीको नाम	वडा नं.	ना.प्र.नं.	समूह	पाउनु पर्ने रकम	पाएको रकम	बढी भुक्तानी रकम	कैफियत
भीममाया मगर	६	१०५६६	जे.ना.अन्य	१६०००	३२०००	१६०००	प्रथम र दोश्रो चौमासिकमा दोहोरो
समिक्षा परियार		जन्म मिति २०७३/११/२७	दलित पोषण	१६००	३२००	१६००	दोश्रो चौमासिकमा दोहोरो
टेक बहादुर तामाङ्ग	७	११०६/२३४१५	जे.ना.अन्य	१६०००	३२०००	१६०००	" "
मन कुमारी राई		१४३००८/१३३		१६०००	३२०००	१६०००	" "
कृष्ण कुमारी राई		८२५३९	विधवा	४०००	८०००	४०००	प्रथम चौमासिकमा दोहोरो
भवमाया मगर		६०७/५७	जे.ना अन्य र विधवा	८०००	१६०००	८०००	प्रथम चौमासिकमा दोहोरो(भरपाईमा मृत्यु जनाईएकोमा खर्च लेखिएको)
लिला देवी रोईला		२७१	जे.ना अन्य र विधवा	२४०००	४८०००	२४०००	३ वटै चौमासिकमा दोहोरो
सिता परियार		२४९४	विधवा	४०००	८०००	४०००	प्रथम चौमासिकमा दोहोरो
खुशी परियार		जन्म मिति २०७२/६/१५	दलित पोषण	१६००	३२००	१६००	" "
गणेश ब. राउत	९	१११७/२१२७	जे.ना.अन्य	८०००	१६०००	८०००	" "
हिरामाया खड्का		३३२३/९७८		८०००	१६०००	८०००	" "
टिकामाया बि.क.		२७३/६६९	जे.ना.दलित	८०००	१६०००	८०००	" "
नेत्र बि.क.		जन्म मिति २०७४/३/२२	दलित पोषण	४८००	९६००	४८००	३ वटै चौमासिकमा दोहोरो
रिदम बि.क.		जन्म मिति २०७४/२/१		४८००	९६००	४८००	" "
आशिष बि.क.		जन्म मिति २०७३/११/२२		१६००	३२००	१६००	दोश्रो चौमासिकमा दोहोरो
हर्क बहादुर राई	३	१८७३/४०५०	जे.ना.अन्य	१६०००	३२०००	१६०००	प्रथम र तेश्रो चौमासिकमा दोहोरो
चन्द्रमाया राई		१०३००६/९८८	विधवा	१६०००	३२०००	१६०००	" "
विष्णुमाया राई		३१९१		८०००	१६०००	८०००	" "
भक्तमाया राइ		११२५४		४०००	८०००	४०००	प्रथमा चौमासिकमा दोहोरो
निर कुमारी खड्का		११६१	जे.ना.अन्य	८०००	१६०००	८०००	दोश्रो चौमासिकमा दोहोरो
भुन्टी सर्किनी		२३६९/१४४५	जे.ना दलित	८०००	१६०००	८०००	" "
एन्जल बि.क.		जन्म मिति २०७२/७/१६	दलित पोषण	१६००	३२००	१६००	" "
सृष्टि कामी		जन्म मिति		१६००	३२००	१६००	" "

दफा नं.	भौ.नं., मिति र व्यहोरा								बेरुजु रकम
			२०७३/८/१२						
	विष्णु कुमारी सार्की		९०९४/९८२	जे.ना. दलित र विधवा	८०००	१६०००	८०००	दोश्रो र तेश्रो चौमासिकमा दुवै समुहको दोहोरो भत्ता भुक्तानी	
	सन्तोष खड्का		१४/०१/७५/०३९७४	पूर्ण अपाङ्ग	८०००	१६०००	८०००	तेश्रो चौमासिकमा दोहोरो	
	धनमाया कार्की		३०६		८०००	१६०००	८०००	" "	
	पदममाया खड्का		५२८१	जे.ना.अन्य	२४०००	४८०००	२४०००	३ वटै चौमासिकमा दोहोरो	
	पवित्रा खत्री		१२१०८/६४/६६/६७		१६०००	३२०००	१६०००	प्रथम र दोश्रो चौमासिकमा दोहोरो	
	विष्णु सदा		२४४६	जे.ना.दलित	२४०००	४८०००	२४०००	३ वटै चौमासिकमा दोहोरो	
	कौशिलामाया विष्ट		११६१	जे.ना.अन्य र विधवा	१६०००	३२०००	१६०००	प्रथम र दोश्रो चौमासिकमा दोहोरो	
	देवीमाया राई		०९३०६३/९८		१६०००	३२०००	१६०००	प्रथम र दोश्रो चौमासिकमा दोहोरो	
	पदम कुमारी बान्तवा	२	६२३७/६१४	विधवा	८०००	१६०००	८०००	प्रथम र तेश्रो चौमासिकमा दोहोरो	
	विमला राई		१४३००८/११२६		४०००	८०००	४०००	प्रथम चौमासिकमा दोहोरो	
	कुमार राई		१२२००६/२०१	पुर्ण अपाङ्ग र अति अशक्त	२४००	१०४००	८०००	तेश्रो चौमासिकमा उल्लेखित दुवै समुहको भत्ता भुक्तानी भएको	
	निरमाया राई		१३०६/२४४२	जे.ना.अन्य	१६०००	३२०००	१६०००	प्रथम र दोश्रो चौमासिकमा दोहोरो	
	रघुवीर बि.क.		४६३६/२७३०	जे.ना. दलित	२४०००	४८०००	२४०००	३ वटै चौमासिकमा दोहोरो	
	नितिस सदा		जन्म मिति २०७४/७/१८		१६००	३२००	१६००		
	रियान्सु परियार	१०	जन्म मिति २०७२/७/३०	दलित पोषण	१६००	३२००	१६००	दोश्रो चौमासिकमा दोहोरो	
	रश्मी सदा		जन्म मिति २०७४/६/२५		१६००	३२००	१६००		
	विष्णु कुमारी राई	१	४९६/८२७/२८९	विधवा	४०००	८०००	४०००	तेश्रो चौमासिकमा दोहोरो	
				जम्मा	**३७२८००**	**७५१२००**	**३७८४००**		
६१.८.	सामाजिक सुरक्षा भत्ताबापतको ३ वटै चौमासिकको पेश्की रकम फछर्यौटको भरपाई परीक्षण गर्दा तपसिलको वडाले खर्च घटाएर बाँकी रहेको रकम आ.व.को समाप्ति सम्म पनि बैंक दाखिला नगरी पेश्की फछर्यौट गरेको देखियो । बिल भरपाई अपुग भएता पनि पेश्की फछर्यौट गरेको कार्य नियमसम्मत दखिएन । तसर्थ सम्बन्धित वडा सचिवबाट बाँकी रकम असुल गरी संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने देखिएको रु...								१२९८००/-

भै.नं. र मिति	वडा नं	वडा सचिव	पेश्की रकम	भरपाई अनुसार खर्च	फिर्ता गर्नुपर्ने रकम	फिर्ता गरेको रकम	थप फिर्ता गर्नुपर्ने रकम	कैफियत
१७-२०७६/३/२	२	नैन बहादुर खड्का	२९१७०००	२७४२०००	१७५०००	१३५०००	४००००	प्रथम चौमासिकको पे.फ
१५-२०७६/३/२	३	जगदेव चौधरी	२३५१०००	२११८०००	२३३०००	२२००००	१३०००	
१२-२०७६/३/२	४	हिरा कुमार सापकोटा	४२०००००	३६६०८००	५३९२००	५३५२००	४०००	
६-२०७५/११/१०	६	सत्यनारायण हुजदार	२७३२०००	२५१४२००	२१७८००	१९७०००	२०८००	
९-२०७५/११/१३	७	गुमान सिं खड्का	२९९२०००	२९७४२००	१७८००	०	१७८००	
४-२०७५/११/१०	८	राजनप्रसाद अधिकारी	१८५६०००	१८२२०००	३४०००	३२४००	१६००	
१६-२०७६/३/२	९	जनकलाल लेखी	३५७७०००	३३९९६००	१७७४००	१६१४००	१६०००	
१०-२०७५/११/१३	१०	धर्मराज खड्का	२२९६०००	२२६१६००	३४४००	२८८००	५६००	
२४-२०७६/३/३१	१	जंग बहादुर भुजेल	१८०००००	१६९३६००	१०६४००	१०१६००	४८००	दोश्रो चौमासिकको पे.फ
२६-२०७६/३/३१	४	हिरा कुमार सापकोटा	४०६७६००	३५५४०००	५१३६००	५१२८००	८००	
३३-२०७६/३/३१	५	सिताराम फुयाल	२९५२४००	२८०४६००	१४७८००	१४३८००	४०००	तेश्रो चौमासिकको पे.फ
२७-२०७६/३/३१	६	सत्यनारायण हुजदार	२९०८८००	२४६१२००	४४७६००	४४६२००	१४००	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	जम्मा १२९८००	
६२.	**पेश्की :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु...	४३९२०९६/-

चालु	१.	०३/३१/२०७६	जनता मा.वि. हडिया	२३८५०००
	२.	०३/३१/२०७६	जनता मा.वि. हडिया	९३०००
	३.	०३/३१/२०७६	जनता मा.वि. हडिया	५२२०००
	४.	१२/१५/२०७५	शहरी स्वास्थ्य चौकी सिर्वानी	८०००००
	५.	१२/१७/२०७५	सिद्धकाली आधरभुत विद्यालय	१५००००
	६.	११/०९/२०७५	नेपाल पत्रकार महासंघ	५००००
समानिकरण चालु	७.	१०/२५/२०७५	सिंहदेवी मा.वि.मडिवास	२८६३.५
	८.	१०/२५/२०७५	सगरमाथा मा.वि.भोर्लेनी	२१९६
	९.	१०/२५/२०७५	कालिका मा.वि.सिर्वानी	९५७६
	१०.	१०/२५/२०७५	जनविकास मा.वि,भिमा	१८३०
	११.	१०/२५/२०७५	जलेश्वरी जन नि.मा.वि.रानिटार	१३३१
	१२.	०६/२२/२०७५	शिव नारायण शाह	१०००००
	१३.	०६/२२/२०७५	शिव नारायण शाह	५००००
	१४.	०६/२५/२०७५	जगदेव चौधरी	५२०००
	१५.	०६/२५/२०७५	जगदेव चौधरी	१००००
	१६.	०६/२५/२०७५	जगदेव चौधरी	३००००
	१७.	०६/२५/२०७५	जगदेव चौधरी	१५०००
	१८.	०६/२५/२०७५	जगदेव चौधरी	२००००
	१९.	०६/२५/२०७५	जगदेव चौधरी	११०००
	२०.	०६/२५/२०७५	जगदेव चौधरी	२००००
	२१.	०६/२५/२०७५	जगदेव चौधरी	४२०००
	२२.	०६/२५/२०७५	जगदेव चौधरी	१३५००
	२३.	०२/१७/२०७६	दिल बहादुर मगर	१०८००
	जम्मा			**४३९२०९६.५**

	वेरुजु : नगरपालिकाले प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.६३ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु.८ लाख ३६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७७ लाख ३४ हजार र पेश्की बाँकी रु.६२ लाख ९२ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु.३४ लाख ९० हजार फछ्र्यौट भई रु.१ करोड ७७ लाख ४९ हजार बेरुजु कायम भएको छ।	
	अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा सो को स्थिति निम्नानुसार देखिएको छ :	

गत वर्षको बेरुजु रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
५५६७८४४०।७२	०.००	५५६७८४४०।७२

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>

अद्यावधिक बेरुजु स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फछ्र्यौट गर्ने व्यवस्था छ। नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>५५६७८४४०।७२</td><td>०.००</td><td>१७७४८४३५.००</td><td>७३४२६८७५.७२</td></tr>
</table>

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी बेरुजु असुल फछ्र्यौट गरिनु पर्दछ।

</td><td></td></tr>
</table>

अनुसूची- १

चौदण्डीगढी नगरपालिकाको सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	चौदण्डीगढी न.पा.	उदयपुर	५४९८३	१४४१६७	३७८५१८	१५१६५३	६७४३३९	४९८८६८	१९७३२४	२६११८	७२२३१०	७०१२

अनुसूची -२

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	उदयपुर	चौदण्डीगढी न.पा.	३३	४१	२१२३९	०	३	३४९०	३३	३८	१७७४९	६३७३	८३६	६१४८	०	०	६९८४	३७४	४०१८	४३९२

अनुसूची- ३

अद्यावधिक बेरुजु स्थिति
२०७५।७६

(रु.हजारमा)

क्र.सं.	स्थानीय तह	जिल्ला	गत वर्ष सम्मको बाँकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्षको सं प.बाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	चौदण्डीगढी न.पा.	उदयपुर	५५६७८	०.००	५५६७८	०.००	१७७४९	७३४२७